# मधेसः सामाजिक संरचना र विभेद

जनगणना - २००१

Madhesh: Social Demography and Discrimination

Census - 2001

जयप्रकाश गुप्ता

मधेसी मानव अधिकार संरक्षण केन्द्र

प्रथम प्रकाशन : २०६१, असोज
संख्या : ३००० प्रति
प्रकाशक : मधेसी मानव अधिकार संरक्षण केन्द्र [CPMHR]
लेखन : जयप्रकाश गुप्ता

ISBN ((((((((((((((((((((((((((((((((((((((

सम्पर्क : पोष्ट बक्स नं. ४२८९, काठमाण्डौं, नेपाल
फ्याक्स : ००९७७ ४४९९९१०
Email : anandkokura@hotmail.com

मूल्य : रु. पचास

नेपालमा मुद्रित

अनुक्रमणिका


प्रकाशकको कथन

१. परिचय

**अध्याय - एक**

२. नेपालको सामाजिक संरचना

३. जनगणनाको संक्षिप्त इतिहास

४. जनसंख्याको विभाजन

५. जात/जाति संरचना

६. भाषिक / धार्मिक संरचना

७. साक्षरता

**अध्याय – दुई**

८. नेपालको मधेस क्षेत्रको सामाजिक संरचना
मधेसको परिचय

९. तथ्यांक प्रतिको निर्भरता

१०. मधेसका जात जाति

११. मधेसी जनसंख्यामा ऋणात्मक प्रवृति

१२. मधेसमा जात जाति तथा दलितको सामाजिक संरचना

१३. मधेसको भाषिक संरचना

१४. मधेसमा साक्षरताको स्थिति

**अध्याय – तीन**

१५. नयां समुह संरचनामा मधेसी जनसंख्याको अध्ययन

१६. मधेसी जनसंख्याको संरचना बिश्लेषणमा त्रृटी

१७. मधेसी समुहको व्यवहारिक संरचना विभाजन

१८. मधेसी समुहको व्यवहारिक संरचना विभाजनको आधारमा जिल्लागत रुपमा जात,जाति र पिछडिएका समुहको विवरण

१९. समग्र मधेसको सामाजिक संरचना

**अध्याय – चार**

२०.राष्ट्रिय मूलधारमा मधेसको योगदान

२१.मधेसीहरुको खस्कदो जीवनस्तर

२२.राष्ट्रिय मूलधारमा मधेसको सहभागिता

## प्रकाशकको कथन

आर्थिक, सामाजिक तथा राजनीतिक रुपमा नेपालको मधेसक्षेत्र मुलकको एकिकरण पश्चात सदैव उपेक्षित एवं जातीय विभेदको शिकार रहेको कुरामा विवाद छैन । केहि अघिसम्म मधेसका मानिसहरुले यस बिषयमा ध्यानाकर्षण गर्दा पत्यार गरिन्न्थ्यो । र मधेसीहरुले पनि तथ्यांकको आधारमा आफुहरु प्रतिको विभेदलाई पुष्टी गर्न सक्दैन्थे । अब त्यो अवस्था रहेन । मुलुकमा प्रजातन्त्रको पुर्नस्थापनापछि स्थितिमा सामान्य सुधार भई सरकारले संकलन गर्ने तथ्यांकहरुमा केही व्यापकता, सुधार र सर्वसाधारणको त्यहांसम्म पहुंचको स्थिति भएको छ । यसले गर्दा बिभिन्न स्वतन्त्र निकायले सरकार प्रदत्त तथ्यांकको निष्पक्षताका बारेमा पूर्णतः बिश्वस्त नभएपनि यसलाई आधार मानेर बिश्लेषण गर्ने कार्य शुरु भएको छ । यो बिश्लेषण यसैक्रममा आएको हो । आजसम्म नेपालका जनगणनालाई आधार मानेर मधेसको सामाजिक संरचनाको कुनै बिश्लेषण सार्वजनिक भएको थिएन । यस क्रमको यो पहिलो हो । मधेसको समग्र अध्ययन गर्नेहरुका लागि यो बिश्लेष अत्यन्तै उपयोगी सिद्ध हुनेछ । यसले मधेसको न्यायोचित्त हक खोज्नेलाई बौद्धिक बल तथा प्रमाणिक आधार दिनेछ । र मधेसको समस्याको समाधान गर्न खोज्नेलाई बिषयमा प्रवेश गर्ने यात्रामार्ग समेत देखाउने छ । यस बौद्धिक कार्यका लागि नेपालको मधेसीसमुदाय जयप्रकाश गुप्ता प्रति अनुग्रहित रहनेछन् । यस केन्द्रले यसअघि पनि जयप्रकाश गुप्ताले नै सम्पादन गर्नु भएको <u>नेपाली मधेसीका समस्या : चार विचार</u> प्रकाशित गरिसकेको छ र यसै क्रममा प्रस्तुत अध्ययनलाई प्रकाशन गर्ने मौका पाईएकोमा मधेसी मानव अधिकार संरक्षण केन्द्र गौरवको अनुभूति गर्दछ ।

## परिचय

नेपाल अधिराज्यको जनगणनाको क्रममा सन् २००१ को जनगणना दशौं हो । यस कार्यको शुरुवात सन् १९११ देखि भएको हो । यद्यपि त्यसबेला र पछिसम्म पनि यस कार्यमा कुनै बैज्ञानिक आधारलाई अपनाईएको थिएन । सन् १९६१ पछि मात्र जनगणनाको कार्यमा अंशतः व्यवसायिकता र विश्वमान मापदण्ड अनुरुपका आधारहरुको प्रवेश भएको हो । सन् १९८१ सम्ममा यसमा प्रगति भयो । यद्यपि तिनताकका जनगणनाहरुको परिणाम तत्कालिन पञ्चायती व्यवस्थाको सोच अनुसार निर्देशित रहेकोमा कुनै विवाद छैन । नेपाललाई एकात्मराष्ट्रवादी शैलीमा एउटै भाषा र एउटै भेषको मान्यता अनुरुप अक्षुण्ण तथा अभेद्य रुपमा संरषित राख्नकालागि जनगणनाको कार्यलाई दक्षता पूर्वक प्रयोग गरियो । सन् १९९१ को जनगणनाको परिणाम सार्वजनिकहुंदाका बखतसम्ममा मुलुकमा प्रजातन्त्र पुर्नस्थापित भैसकेको थियो । तर एकात्मवादी शासकीय मानसिकताबाट मुलुक मुक्त थिएन-जुन अद्यावधि पनि छैन, यसका बाबजुदपनि सन् १९९१ को जनगणनामा धेरै सुधारहरु देखियो । यस कार्यबाट मुलुकको सामाजिक संरचनाको तथ्यांकमा विविधताहरु देखियो । जातजातिहरुको संख्या, मातृभाषा बोल्नेहरुको विवरण नयां रुपमा जनसमक्ष आयो । वास्तवमा यस पछि नै मुलुकको सामाजिक संरचनाको पृष्ठभूमिमा जनसंख्याको बिश्लेषण गर्ने कार्य शुरु भयो ।

सन् १९९० को ऐतिहासिह जनआन्दोलनको सफलता र प्रजातन्त्रको पुर्नस्थापना पछि मुलुकमा पलाएको सामाजिक-आर्थिक-राजनैतिक जागरणसंगै जनगणनाको परिणामले ल्याएको नवीन सामाजिक संरचनाको तस्वीरबाट बिभिन्न संघ संस्था तथा समुदायहरुले आफ्नो न्यायोचित्त हक अधिकारको आन्दोलनलाई समेत अगाडी बढाउने कार्य शुरु भयो । तर दौरान पनि मुलुकका जनसंख्याविद् तथा समाजशास्त्रीहरुले मधेसको व्यापक बिषयलाई नजरअन्दाज नै गरेको पाईयो । मधेसको सामाजिक यथार्थहरुको परिदृश्यमा जनसंख्याको सामाजिक बिश्लेषण गर्ने कार्य भएन ।

'मधेस' अखण्ड नेपालको सर्वमुखी विकाशको सर्वाधिक संभावना भएको भाग हो । तर नेपालका आजपर्यन्तका शासकवर्गले मधेसको यस अपरिमित संभावनालाई इन्कार गर्दै आएको छ, मधेससंग न्याय गरेको छैन । आर्थिक र सामाजिक रुपमा मधेसको दोहन गर्नुका साथै मधेसीहरुको अविचलित राष्ट्रभक्तिमा आशंका राख्दै आएको छ ।

यसैक्रममा मधेसको प्रागऐतिहासिक, पुरातात्विक अध्ययन गरिएन । मधेसमा विद्यमान भुगर्भिक-प्राकृतिक सम्पदाको सकारात्मक उपयोगको खोजी गरिएन । मधेसका प्राकृतिक श्रोतहरुको संरक्षण गर्ने कार्य भएन । मधेसमा हरेक प्रकारको लगानीको उच्चतम् प्रतिफल हुदांहुदै पनि आर्थिक विकाशकालागि लगानी गरिएन । यहांसम्म कि मधेसको विकाशको संभाव्यता देखाएर लगानीका लागि उत्प्रेरित गर्ने मित्रराष्ट्र तथा दातृराष्ट्र र संघसंस्थाहरुलाई सरकारले हतोत्साहित गर्‍यो । यो क्रम अद्यावधि जारी छ । यहांसम्म कि, मधेसमा उठिरहेको जनअधिकारको मागलाई असान्दर्भिक र अनुपयुक्त ठहर्‍याउन मधेसको यथार्थ

तथ्यांकलाई समेत लुकाउने कार्य भएको छ । तथ्यांक भाषिक शैलीमा अभिव्यक्त हुने निर्जीव शब्द समुह मात्र होईन । यथार्थ तथ्यांकले इमान्दार राष्ट्लाई विकाशकालागि लक्ष्यको निर्धारणमा जीवन्त दिशाबोध समेत गर्दछ । नेपालमा राज्यले तथा राज्यपोषित समुहले यस बिषयमा इमान्दारिता देखाएन ।

यिनै सत्यहरुको सन्दर्भमा मधेसको समग्र अध्ययन हुनु आवश्यक छ । तसर्थ मधेसका अनेकन् पक्षहरुको अध्ययनको आवश्यताको सन्दर्भमा प्रस्तुत पुस्तिकाका मार्फत नेपालको जनसंख्याको परिधिमा मधेसको जनसंख्याको बिश्लेषण गरिएको छ ।

यहां प्रस्तुत अध्ययनका वारेमा केहि कुराहरु राख्न चाहन्छु : अहिले राज्यले सम्पादन गरेको जनगणनाको बिश्वसनीयताका बारेमा मुलकभित्र तथा बाहिरबाट पनि यथेष्ट प्रश्नहरु उठिरहेको छ । यद्यपि कुनै अन्य बिश्वसनीय स्वतन्त्र क्षेत्रबाट यस्तो अर्कोकार्य हुन नसकेकोले सरकारले गराएको जनगणनालाई नै आधार मान्नु पर्ने बाध्यता छ ।

नेपालको कहांसम्मको भूभागलाई मधेस मान्ने ? यस बिषयमा पनि मतैक्य छैन । सरकारले आफ्नो प्रशासनिक कार्यवाहीमा २० वटा प्रशासनिक जिल्लाहरुलाई 'मधेस' भनेर किटान गरेकोले यसैलाई मधेस मानिएको हो । नेपालको जनगणनाको सामाजिक संरचना एकहदसम्म जातीय स्वरुप (racial structure) र परम्परगत हिन्दु वर्णव्यवस्था (cast system) मा आधारित छन् । तसर्थ यस बिश्लेषणमा एकदमै भिन्न सामाजिक संरचनामा प्रवेश संभव भएन । यस्ता कयौं विद्यमान सीमाहरुको परिधिमा रहेर यो बिश्लेषण गरिएको छ ।

जनगणकहरुको मधेसवारेको यौटा अज्ञानतालाई हेरौं : पूर्वी नेपालको सप्तरी जिल्लामा उल्लेख्यसंख्यामा 'राजधोब' जातको परम्परागत बसोबास छ । र मंडल, खडगा, राउत, माझी, अधिकारी जस्ता अनेकन् थरहरु लेख्छन् । रमाईलो त के भयो भने जनगणनामा यस जातको कुनै उल्लेख छैन । मंडल लेख्नेलाई मधेसकै अर्को धानुक जातिको समुहमा मिलाइयो भने खडगा, राउत र अधिकारीलाई पहाडी समुहमा पारेर यस जातको संख्यालाई नै अरुमा विलुप्त पारियो । मधेसकै अर्को जात 'अमात' मा पनि मंडल, राय, राउत, अमात्य र बिश्वास कयौं जस्ता थरहरु हुन्छन् । जनगणनामा यो जात पनि राजधोबका झै अन्त मिसियो । यस्ता धेरै उदाहरणहरु यस अध्ययनका सीमा हुन् ।

जनगणनामा समुहिकृत गरिएको मधेसको जातजातीहरुको सूचि व्यवहारिक छैन । पहाडी समुहमा बाहुन, क्षेत्री तथा ठकुरीहरुलाई जात समुहमा राखिएको छ । मधेसका जात समुहमा दलित र जनजाति भनि सरकारले तोकेका बाहेकका अन्य सबैलाई अव्यवहारिक ढंगबाट सूचिकृत गरिएको छ । यसबाट दलित तथा मुसलमान भित्रका कतिपय समुहहरु समेत जातको संरचनामा पर्न गएका छन् । जबकि, जातीयरुपमा परम्परादेखि उपेक्षित तथा उत्पीडित रहेका कयौं समुहहरुलाई सामाजिक यथार्थताका विपरित जात समुहमा सुचिकृत गरिएको छ । यस सामाजिक यथार्थलाई बुझेर प्रस्तुत बिश्लेषणमा मधेसका सामाजिक रुपमा पिछडिएकाहरुलाई 'पिछडावर्गको' समुहमा नयांरुपबाट सूचिकृत गरि जातीय संरचनाको बिभाजन गरिएको छ । यसबाट मधेसको जातीय संरचनालाई बुझ्न सहयोग पुग्नेछ ।

यस अध्ययनको पहिलो अध्यायमा मुलुकको समग्र जनसंख्याको संरचनागत प्रवृतिलाई संक्षिप्त रुपमा राखिएको छ । दोश्रो अध्यायमा मधेसको सामाजिक संरचनाको बिश्लेषण गरिएको छ । र तेश्रो अध्यायमा मधेसी जातबाट व्यवहारिकताको आधारमा पिछडावर्गको समुह सिर्जना गरि नयांरुपबाट जनसंख्याको सामाजिक बिश्लेषण गरिएको छ । चौथौं अध्यायमा मुलुकको आर्थिक सामाजिक विकाशमा मधेस र मधेसबासीहरुको योगदान तथा वर्तमान नेपालमा

मधेसीवर्गको सामाजिक-राजनीतिक र आर्थिक भागीदारीको बिश्लेषण गरिएको छ । यस अध्यायको अध्ययनबाट नेपालमा मधेसी समुदायको दारुण अवस्थाको ज्ञान हुन सक्दछ । यस्ता अनेकौं बिषयहरुलाई उपरोक्त चार अध्यायमा बिभिन्न उपशिर्षकहरुका साथ विवेचना गरिएको छ ।
यस जनसंख्या अध्ययनको कार्यका महिनौंसम्म युवा सहयोगी चन्द्रबहादुर खडगा (उदयपुर, तपेस्वरी) तथा राजेन्द्र राम (सप्तरी, घोघनपुर) ले अथक परिश्रम गर्नु भएको हो । उहांहरु दुबै जनाको लगन र उद्देश्य मूलक सहयोगको अभावमा यो कार्य कदापि पनि संभव हुने थिएन । म उहांहरु दुबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु । अन्तमा, प्रस्तुत बिश्लेषणबाट मधेसको सामाजिक संरचना बुझ्ने कार्यमा सबैलाई सहयोग मिल्नेछ बिश्वास व्यक्त गर्न चाहन्छु । तथ्यांकमा आधारित बिश्लेषणको यो कार्य आफैमा एक जटील काम भएकोले कतिपय बिषयहरु नजर अन्दाज भै हुन गएको त्रृटीका बारेमा जानकारी गराउनु हुनेहरु प्रति भबिश्यमा अनुग्रहित रहनेछु । धन्यवाद ।

जयप्रकाश गुप्ता
jprakash@wlink.com.np

असोज, २०६१

# अध्याय - एक

नेपालको सामाजिक संरचना

**इतिहास**

नेपालमा जनगणनाको प्रारम्भ सन् १९११ देखि भएको हो । वास्तवमा यो गणना टाउकोको गन्ती मात्र थियो । यसमा कुनै बैज्ञानिक पद्धतिलाई आधार मानिएको थिएन । यस पछि जनगणना भनिए पनि क्रमशः सन् १९२०, १९३० र १९४१ मा नेपालमा बस्ने मानिसहरुको सामान्य लगत लिने कार्य भयो । सन् १९५२ र १९५४ मा मुलुकलाई केहि बर्षको अन्तरालमा दुई भागमा गरि जनगणना भयो । सन् १९६१ देखि मात्र आवधिक रुपमा प्रत्येक दश बर्षमा जनगणना गर्ने कार्य शुरु भयो, जुन अद्यावधि जारी छ । सन् ६१ को जनगणनालाई अपेक्षाकृत केहि बैज्ञानिक मानिएको हो । सबै भन्दा पछिल्लो सन् २००१ को जनगणना यस कार्यको दशौं हो ।
सन् १९११ मा नेपालको कूल जनसंख्या ५,६३८,७४९ थियो । यो संख्या सन् २००१ मा २३,१५१,४२३ पुगेको छ । यस ९० बर्षको अवधिमा औसत जनसंख्या बृद्धिदर २.००% रहेको छ । पछिल्लो जनसंख्या बृद्धिदर २.२५% रहेको छ । सन् १९११ मा प्रतिवर्ग कि.मि. ४० जना भन्दाकम रहेको जनघनत्व सन् २००१ मा १५७ भन्दा बढी हुन पुगेको छ । ( मुलुकको कूल क्षेत्रफल १४७,१८१ वर्ग कि.मि. भनिएको आधारमा ) यस अवधिमा सबै भन्दा बढी जनसंख्याको चाप मधेसमा परेको कुरामा कुनै विवाद छैन् ।
सन् १९६१ देखि मात्र केहि हदसम्म जनगणनाको विधिलाई बैज्ञानिक बनाउने प्रयास भयो र साथ साथै यस पछि नै जनगणनामा चालवाजी (population manupulation) पनि शुरु भयो ।

**तालिका १** जनसंख्यामा आएको परिवर्तन (% मा)

| बर्ष/ सन् | जनसंख्या | बृद्धिदर | प्रति व.किमी जनघनत्व |
|---|---|---|---|
| १९११ | ५,६३८,७४९ | | ३८.३१ |
| १९५२/५४ | ८,२५६,६२५ | २.२७ | ५६.१० |
| १९६१ | ९,४१२,९९६ | १.६४ | ६३.९६ |
| १९९१ | १८,४९१,०९७ | २.०८ | १२५.६४ |
| २००१ | २३,१५१,४२३ | २.२५ | १५७.३० |

**जनसंख्याको विभाजन**

राणा शासनको बेला नेपाललाई २० पहाडी जिल्ला, ९ तराई जिल्ला र ३ भित्री मधेसका जिल्लामा प्रशासनिक विभाजन गरिएको थियो । सन् १९६१ मा यसमा परिवर्तन गरि हालसम्म कायम रहेको ७५ जिल्लामा मुलुकलाई बिभाजित गरियो । यस मध्यका २० वटा जिल्लालाई मधेस भनिएको छ । हालको जनगणना मुलुकको

यहि प्रशासनिक विभाजनको आधारमा तीन वटा भौगोलिक श्रेणी क) उच्च पहाड, ख) पहाड र तराई (मधेस) गरि लिईएको छ ।

सन् १९५२/५४ को जनगणनामा सबै पहाडी जिल्लाहरुको कूल जनसंख्या ५३४९९८८ (६४.८%) र मधेसका सबै जिल्लाहरुको कूल जनसंख्या २९०६६३७ (३५.२%) थियो । सन् २००१ को जनगणनामा पहाडी जिल्लाहरुको जनसंख्या ११९३८९७० (५१.६%) र मधेसका जिल्लाहरुको जनसंख्या ११२१२४५३ (४८.४%) हुन गएको छ । यस अनुसार विकाशक्षेत्रको आधारमा मधेसका जिल्लाहरुको जनसंख्यालाई विचारगर्दा पूर्वाञ्चलमा १४.२%, मध्यमाञ्चलमा १७.२%, पश्चिमाञ्चलमा ७.६%, मध्य पश्चिमाञ्चलमा ५.३% र सुदूर पश्चिमाञ्चलमा ४.३% मधेसको जनसंख्या छ ।

पहाडबाट मधेसका जिल्लाहरुमा आन्तरिक बसाई सराईको कारणबाट जनसंख्या बृद्धिदर कमशः उच्च हुदै गएको छ । सन् १९६१-७१ को दशकमा समग्र पहाडी क्षेत्रको १.८५ को तुलनमा मधेसको बृद्धिदर २.३९%, १९७१-८१ को दशकमा पूर्ववत् १.६१% को तुलनामा ४.११%, १९८१-९१ को दशकमा पूर्ववत् १.५२ % को तुलनामा २.७५ र १९९१-००१ मा पूर्ववत् १.९१% को तुलनामा २.६२% को बृद्धिदर छ । विकाशक्षेत्रको आधारमा मधेसको जनसंख्या बृद्धिदर कमशः पूर्वाञ्चलको २.१६%, मध्यमाञ्चलको २.६०%, पश्चिमाञ्चलको २.७६%, मध्य पश्चिमाञ्चलको २.८०% र सुदूर पश्चिमाञ्चलको सबै भन्दा बढी ३.८६% रहेको छ । मधेसका जिल्लाहरुको यो जनसंख्या बृद्धिदरले आन्तरिक औपनिवेशिकरणलाई पुष्टि गर्दछ ।

**<u>तालिका २</u>** भौगोलक क्षेत्रको आधारमा जनसंख्याको विभाजन

| बर्ष/सन् | जनसंख्या (संयुक्त पहाडी क्षेत्र) | मधेसको जनसंख्या |
|---|---|---|
| १९५२/५४ | ५३४९९८८<br>६४.८ प्र.श. | २९०६६३७<br>३५.२ प्र.श. |
| १९६१ | ५९९१२९७<br>६३.६ प्र.श. | ३४२१६९९<br>३६.४ प्र.श. |
| १९९१ | ९८६३०१९<br>५३.३ प्र.श. | ८६२८०७८<br>४६.७ प्र.श. |
| २००१ | ११९३८९७०<br>५१.६ प्र.श. | ११२१२४५३<br>४८.४ प्र.श. |

## जात/जाति संरचना

नेपालमा सर्वप्रथम सन् १९९१ को जनगणनामा मात्र मुलुकमा बसोबास गरिआएका बिभिन्न जात तथा जातिहरुको तथ्यांक प्रकाशित गरियो । यस अघि कुनै पनि निकायले यस्तो तथ्यांक सार्वजनिक गरेको थिएन । तसर्थ हाल सम्म श्री ५ को सरकारको केन्द्रीय तथ्यांक बिभागले दिएको जानकारीलाई नै आधार मान्नु पर्ने बाध्यता छ ।

सन् १९९१ को जनगणनामा जात जातिको संख्या ५९ देखाईएकोमा सन् २००१ को जनगणनामा यसको संख्या १०३ देखाईएको छ । यस मध्ये अज्ञात दलित तथा अज्ञात जात जाति पनि समाबेश छ । यसै गरि सन् १९९१ मा मधेसी मूलका जात जातिको संख्या २९ देखाईएको सन् २००१ मा ५० देखाईएको छ । यद्यपि

यस तथ्यांकको वारेमा पनि विवाद छ । पछल्लो पटक सन् २००१ मा प्रकाशित यस संख्यामा पहाडी समुहका कतिपय एउटै जाति जनजातिलाई बसोबास गर्ने गाउंठांउको आधारमा समेत भिन्न रुपमा समावेश गरिएको छ भने मधेसका राजधोब, अमात, सैनी र हलखोर, कलर जस्ता कतिपय जात जातिको नाम तथा संख्यालाई समावेश नै गरिएको छैन ।

सन् २००१ को जनगणनामा नेपालको समग्र जाति जनजाति संरचनालाई पहाडी मूलका हिन्दु समुह, मधेसी मूलका हिन्दु समुह, नेवार, पहाडी तथा मधेसी दुबै खाले जनजाति, मुसलमान (चुरौटे) र अन्य/अज्ञात गरि ६ श्रेणीमा विभाजन गरिएको छ । यस अनुसार सन् २००१ को जनगणनामा क्रमशः पहाडी मूलका हिन्दु जाति (दलित समेत) ३८.००%, मधेसी मूलका हिन्दु समुह (दलित समेत) २०.९७%, नेवार ५.४८%, जनजाति (पहाडी र मधेसी दुबै मूलका संयुक्त) ३१.०१%, मुसलमान (चुरौटे समेत) ४.२९% र अन्य ०.२५ % छ । सन् २००१ को जनगणनामा १० वटा मुख्य जातीय समुहहरुले कूल जनसंख्याको झण्डै ७०% भाग ओगटेको छ भने बांकी ९० वटा जात जातिले मुलुकको कूल जनसंख्याको ३०% भाग ओगटेको छ । यसै गरि सन् २००१ को जनगणनामा कुसुन्डा, पथरकटा् कुसवाडिया, येल्मो, राउटे, मुण्डा, जैन, वालुंग, धुनिया, कोचे र हायु १० वटा जात जाति सबै भन्दा सानो समुहमा पर्दछ । कूल जनसंख्यामा यिनीहरुको प्रतिशत ०.० देखि ०.०१ % सम्म मात्र छ ।

**तालिका ३** मुख्य १० वटा जातीय समुहको तथ्यांकः

| जात/जाति समुह | सन् ९१ को जनसंख्या | कूल ज.सं. को प्र.श. | सन् ०१ को जनसंख्या | कूल ज.सं. को प्र.श. |
|---|---|---|---|---|
| क्षेत्री | २,९६८,०८२ | १६.१ | ३,५९३,४९६ | १५.८ |
| पहाडी बाहुन | २,३८८,४५६ | १२.९ | २,८९६,४७७ | १२.७ |
| मगर | १,३३९,३०८ | ७.२ | १,६२२,४२१ | ७.१ |
| थारु | १,१९४,२२४ | ६.५ | १,५३३,८७९ | ६.८ |
| तामांग | १०८१,२५२ | ५.८ | १,२८२,३०४ | ५.६ |
| नेवार | १०४१,०९० | ५.६ | १,२४५,२३२ | ५.६ |
| कामी | ९६३६५६ | ५.२ | ८९५९५४ | ४.० |
| यादव | ७६५,१३७ | ४.१ | ८९५,४२३ | ४.० |
| मुसलमान | ६५३,०५५ | ३.५ | ९७१०५६ | ४.३ |
| राई किरांती | ५२५,५५७ | २.८ | ६३५१५१ | २.८ |

श्रोतः तथ्यांक विभाग, नेशनल रिपोर्ट १९९१, २००१

सन् २००१ को तथ्यांक अनुसार तल उल्लेखित जात जातिहरु उल्लेखित संख्याका जिल्लाहरुमा बहुसंख्यक जात जातिका रुपमा रहेका छन् :

**पहाडी बाहुन** १० जिल्लामा जिल्लाहरु : झापा, मोरंग , चितवन, स्याञ्जा, कास्की, पर्वत, गुल्मी, रुपन्देही, अर्घाखाची र कालिकोट ।

**क्षेत्री** २१ जिल्लामा ओखलढुंगा, उदयपुर, रामेछाप, दोलखा,

| | |
|---|---|
| | रुकुम, सल्यान, सुर्खेत, दैलेख, जाजरकोट, जुम्ला, मुगु, हुम्ला, डोल्पा, बाजुरा, बझांग, अछाम, डोटी, कंचनपुर, डडेल्धुरा, बैतडी र दार्चुला । |
| **नेवार** | ३ जिल्लामा काठमाण्डौं, ललितपुर र भक्तपुर । |
| **लिम्बु** | ३ जिल्लामा ताप्लेजुंग, पांचथर र तेर्थुम । |
| **राई** | ६ जिल्लामा इलाम, धनकुटा, संखुवासभा, भोजपुर, सोलुखुम्बु र खोटांग । |
| **गुरुंग** | ४ जिल्लामा गोरखा, लमजुंग, मनांग र मुस्तांग । |
| **मगर** | ७ जिल्लामा तनहुं, म्याग्दी, बाडलुड., पाल्पा, नवलपरासी, प्युठान र रोल्पा । |
| **तामांग** | ७ जिल्लामा सिन्धुली, नुवाकोट, रसुवा, धादिंग, मकवानपुर, सिन्धुपाल्चोक र काभ्रेपलाञ्चोक । |
| **थारु** | ४ जिल्लामा सुनसरी, दांग, बर्दिया र कैलाली । |
| **यादव** | ५ जिल्लामा सप्तरी, सिरहा, धनुषा, महोत्तरी र सर्लाही । |
| **मुसलमान** | ५ जिल्लामा रौतहट, बारा, पर्सा, कपिलबस्तु र बांके । |

उपरोक्त विवरण अनुसार मधेसी समुहका तीन वटा जात जाति थारु, यादव र मुसलमान गरि नेपाल अधिराज्यका १४ वटा जिल्लामा बहुसंख्यकका रुपमा छन् ।

**भाषिक / धार्मिक संरचना**

सन् २००१ को जनगणनामा नेपालमा बोलिने भाषिक समुहहरुको संख्या (अज्ञात समेत) ९३ वटा देखाइएको छ । यस मध्ये सबै भन्दा बढी नेपाली बोल्नेहरुको संख्या ११०५३२५५ (कूल जनसंख्याको ४८.६१%) छ । दोश्रो बढी बोलिने भाषामा मधेसी समुहको मैथिलीको संख्या २७९७५८२ (कूल जनसंख्याको १२.३० %) छ ।

**<u>तालिका ४</u>** नेपालका प्रमुख भाषा तथा भाषीहरुको स्थिति:

| मातृभाषा | % | मातृभाषा | % |
|---|---|---|---|
| **क) इण्डो युरोपीयन** | | **ख) तिब्बती बर्मेली** | |
| नेपाली | ४८.६१ | तामांग | ५.१९ |
| मैथिली | १२.३० | नेवार | ३.६३ |
| भोजपुरी | ७.५३ | मगर | ३.३९ |
| थारु | ५.८६ | राई किरांत (कूल) | २.३७ |
| अवधि | २.४७ | गुरुंग | १.४९ |
| राजवंशी | ०.५७ | लिम्बु | १.४७ |
| हिन्दी | ०.४७ | भोटे शेर्पा | ०.५७ |
| उर्दु | ०.७७ | सुनुवार | ०.१२ |
| बज्जिका | १.०५ | दनुवार | ०.१४ |
| अंगीका | ०.०७ | थकाली | ०.०३ |
| **ग) अष्ट्रो एशियाटिक** | | **घ) द्रविड** | |
| सतार | | झांगर | ०.१३ |
| सन्थाल | ०.१८ | **बंगाली** | **०.१०** |

श्रोत : पपुलेशन मोनोग्राफ अफ नेपाल, भाग १, २००३, तथ्यांक विभाग, श्री ५ को सरकार

सन् २००१ कोगणना अनुसार नेपालको कूल जनसंख्यामा १८,३३०,१२१ (८०.६%) हिन्दु धर्माम्बलम्बी, यसैगरि २,४४२,५२० (१०.७४%) बौद्धमार्गी, इस्लाम धर्ममान्ने मुसलमानहरु ९५४,०२३ (४.२%), ८१८,१०६ (३.६०%) किरांत धर्ममान्ने र धर्म नखुलेका अन्यमा ७८,९९४ (०.३४%) छन् । पछिल्लो जनगणनामा १० वटा मुख्य जात जातिमा बौद्ध धर्म मान्ने मधेसी जात जातिहरु देखिदैन । मधेसी समुहका सन्थाल जातिका कूल ४२,६९८ जनसंख्या मध्ये २,४६६ (५.८%) किश्चिन धर्म मान्ने छन भने जैन धर्माम्बलम्बी र सिख धर्माम्बलम्बीहरु (अनुयायीहरु समेत) को कूल संख्या क्रमशः ४,१८० र ५,८९० छ ।

## <u>साक्षरता</u>

सन् २००१ को जनगणनामा नेपालको साक्षरतादर समग्रमा **<u>५३.८%</u>** देखिएको छ । यसमा पुरुष र महिलाको साक्षरता दर क्रमशः ६५% र ४२.५% छ । यस अनुसार मधेसका ३ जात जैन, मारवाडी र कायस्थको साक्षरता दर सबै भन्दा बढी क्रमशः ९३.९४%, ८९.३1% र ८२.०५% छ । (जैन र मारवाडीलाई पृथक देखाईए पनि यथार्थमा दुबै एउटै समुह भित्र पर्ने हुन) यस पछि थकाली ७५.६६%, पहाडी बाहुन ७४.९०% र नेवार ७१.२२% साक्षरता दर रहेको छ ।
सन् २००१ को तथ्यांक अनुसार अत्यन्त कम साक्षरतादर रहेका जात जातिमा मुसहर ७.२८%, डोम ९.३९%, पथरकटा कुसवाडिया १३.२२ % तथा विंग विन्डा १४.८० %, कमार १५.१५ %, चमार राम १९.२४ %, दुसाध पासवान १९.५९ %, धुनिया २१.८६% र तत्मा २३.१२% हुन् ।

**तालिका ५** उच्च तथा निम्न साक्षरता दर रहेका जात जातिहरु :

| उच्च साक्षरता दर भएका | | निम्न साक्षरता दर भएका | |
|---|---|---|---|
| **जात जाति** | **साक्षरता दर %** | **जात जाति** | **साक्षरता दर %** |
| जैन | ९३.९४ | मुसहर | ७.२८ |
| मारवाडी | ८९.३१ | डोम | ९.३९ |
| कायस्थ | ८२.०५ | पथरकटा कुसवाडिया | १३.२२ |
| थकाली | ७५.६६ | विंग विन्डा | १४.८० |
| पहाडी बाहुन | ७४.९० | कमार | १५.१५ |
| बंगाली | ७२.५१ | चमार राम | १९.२४ |
| नेवार | ७१.२२ | दुसाध पासवान | १९.५९ |
| मधेसी ब्रम्हण | ७१.२१ | धुनिया | २१.८६ |
| याल्ह्मो | ७०.७० | तत्मा | २३.१२ |
| राजपुत | ७०.३३ | नुनिया | २३.२० |

# अध्याय – दुई

## नेपालको मधेस क्षेत्रको सामाजिक संरचना

### मधेसको परिचय

भौगोलिक रुपबाट नेपाललाई हिमाल, मध्य पहाड, भित्रि मधेस तथा मधेस भनि विभाजित गरिएपनि मुख्य रुपमा यहां **पहाड र मधेस** गरि दुई किसिमको भू-भाग छ । यहि दुई भूभाग मध्ये पहाडमा इण्डो-युरोपीयन (भारोपेली) भाषा समुहका नेपाली बोल्ने खसहरु तथा तिब्बती-बर्मेली भाषा समुहका अन्य मातृभाषाहरु बोल्ने पहाडी मूलका तथा इण्डो-युरोपीयन (भारोपेली) भाषा समुहका गैर नेपाली मातृभाषाहरु एवं अष्ट्रो-एशियन, द्रबिड मातृभाषा बोल्ने मधेसी मूलका अनेकौ जात, जातिहरुको आदिकालिन बसोवास रहेकोछ ।

नेपालको मधेस भन्नाले मुलुकको पूर्व देखि पश्चिमसम्म फैलिएको दक्षिणी समतल भू-भागलाई जनाउंछ । राजनीतिक कपटपूर्ण मनशायका कारणले खास शासक वर्गका मानिसहरुले यस भौगौलिक-सांस्कृतिक क्षेत्रलाई मधेस भन्न चाहदैनन्, उनिहरु तराई भनि सम्बोधन गर्ने गर्दछन् । मधेस शब्दबाट त्यस क्षेत्रको तथा त्यहांका आदिबासी मधेसीहरुको पौराणिकतालाई (मध्य देशको प्राग ऐतिहासिक सन्दर्भ) लाई मान्यता मिल्ने हुनाले पछि उकासिंएको समतल क्षेत्रको अर्थमा (नेपाली बृहद् शब्दकोशका अनुसार : पहाडमनिको फराकिलो समतल भूभाग) तराई भनि सम्बोधन गर्ने गरेका छन् ।

राणा शासनकालमा नेपाललाई २० वटा पहाडी जिल्ला, ९ वटा तराईका जिल्ला र ३ वटा भित्री मधेसका जिल्लामा प्रशासनिक विभाजन गरिएको थियो । पछि सन् १९६१ मा यस संरचनामा परिवर्तन गरि मुलुकलाई ७५ वटा प्रशासनिक जिल्लाहरुमा बिभाजित गरियो । यस अनुसार नेपालको मधेसमा २० वटा जिल्लालाई सरकारले मानेको छ ।

मधेसको क्षेत्रफल (२० वटा जिल्लाको) नेपालको कुल भु-भागको २३ प्रतिशत, अर्थात ३४०१९ वर्ग कि.मि. रहेको छ । पूर्व देखि पश्चिममा गरि मधेसक्षेत्रको लम्बाई ५०० माइल र उत्तर दक्षिणको चौडाई सरदर २० माइल रहेको छ । पूर्वबाट १) झापा, २) मोरंग, ३) सुन्सरी, ४) सप्तरी, ५) सिरहा, ६) धनुषा, ७) महोतरी, ८) सर्लाही, ९) रौतहट, १०) बारा, ११) पर्सा, १२) चितवन, १३) नवलपरासी, १४) रुपन्देही, १५) कपिलबस्तु, १६) दांग, १७) बांके, १८) बर्दीया, १९) कैलाली र २०) कंचनपुरलाई मधेसक्षेत्रमा उल्लेख गरिएको छ । यद्यपि यी जिल्लाहरुका उत्तरी सिमावर्ती जिल्लाहरुमा पनि उल्लेख्य संख्यामा मधेसवासीहरु बसोवास गरेपनि वर्तमान संरचनामा यस संख्यालाई राज्यले मधेसबाट अलग राखेको छ । सरकारको यस नीतिमा मधेसीहरुको मतैक्य छैन । यस शोध पुस्तिकमा मधेसमा सरकारले निर्धारण गरे बमाजिमका २० वटा जिल्लालाई मात्र आधार मानिएको छ ।

समुन्द्रको सतहबाट औसत ५०० मिटरसम्मको अग्लो भूभागको मधेस क्षेत्रमा समतल भूभाग मात्र नभएर केहि जिल्लाहरुमा शिवालिक पर्वत श्रृंख्लाको पहाडी प्रकारको भूभाग पनि पर्दछ । नेपालका प्रायस: सबै महत्वपूर्ण नदीहरु, जस्तै : मेची, कन्काई, कोशी, कमला, वागमती, नारायणी (गण्डक), राप्ती, बबई, कर्णाली र महाकाली (शारदा) मधेस भएरै भारतमा प्रवेश गरेको छ । नेपालको

नेपालको मधेस क्षेत्रले पूर्व, दक्षिण र पश्चिममा गरि मित्र राष्ट्र भारतको पश्चिम बंगाल, विहार, उत्तर प्रदेश र उत्तराखण्ड राज्यहरुलाई छोएको  छ। यहाँ नेपालको लगभग ५०% जनसंख्या बसोवास गर्दछन्।

**तथ्यांक प्रतिको निर्भरता**

जनगणनाको रुपमा सर्वप्रथम सन् १९९१ मा मात्र सिमित रुपमा जातीय तथ्यांक सार्वजनिक भयो । सन् २००१ को जनगणनामा पुनः यसमा सुधार गरियो । हालसम्म कुनै पनि स्वतन्त्र निकायबाट विश्वमान्य पद्धतिको आधारमा विश्वसनीय तथ्यांकहरु सार्वजनिक नभएको अवस्थामा श्री ५ को सरकारले प्रकाशित गरेको जनगणनाको तथ्यांकलाई नै आधार मानेर यहां तथ्यहरु तथा तथ्यमा आधारित बिश्लेषण प्रस्तुत गरिएको छ।

**मधेसका जात जाति**

नेपालका अन्य भागहरु झैं मधेस पनि  भाषिक,  जातीय, सांस्कृतिक एवं धार्मिक समुहहरुको रुपमा  विविधतायुक्त छ। हालसम्म अन्तिम रुपमा सरकारी  तहबाट मधेसका सबै जात जातिहरुको बैज्ञानिक लगत लिईएको छैन । सन् १९९१ को जनगणनामा ५९ वटा जात जातिलाई सुचिकृत गरिएकोमा सन् २००१ मा यो संख्या १०० पुगेको छ । सन् १९९१ मा मधेसका जात जातिको संख्या २९ रहेकोमा सन् २००१ मा ५० पुगेको छ । वास्तवमा यो सुधार बिभिन्न जात जातिका मानिसहरुमा आएको जागरणको कारणबाट भएको हो ।

**तालिका ६** मधेसका जात जातिहरुको संख्या सन् १९९१ र २००१ को तुलनात्मक आधारमा :

| जात जाति | संख्या १९९१ | % | संख्या २००१ | % |
|---|---|---|---|---|
| १.थारु | १,१९४,२२४ | ६.४६ | १,५३३,८७९ | ६.७५ |
| २.मुसलमान | ६५३,०५५ | ३.५३ | ९७१,०५६ | ४.२७ |
| ३.यादव | ७६५,१३७ | ४.१४ | ८९५,४२३ | ३.९४ |
| ४.तेली | २५०,७३२ | १.३६ | ३०४,५३६ | १.३४ |
| ५.चमार/राम | २०३,९१९ | १.१० | २६९,६६१ | १.१९ |
| ६.कोइरी | | | २५१,२७४ | १.११ |
| ७.कुर्मी | १६६,७१८ | ०.९० | २१२,८४२ | ०.९४ |
| ८.धानुक | १३६,९४४ | ०.७४ | १८८,१५० | ०.८३ |
| ९.मुसहर | १४१,९८० | ०.७७ | १७२,४३४ | ०.७६ |
| १०.दुसाध/पासवान | ९३,२४२ | ०.५० | १५८,५२५ | ०.७० |
| ११.सोनार | | | १४५,०८८ | ०.६४ |
| १२.केवट | १०१,४८२ | ०.५५ | १३६,९५३ | ०.६० |
| १३.ब्रम्हण | १६२,८८६ | ०.८८ | १३४,४९६ | ०.५९ |
| १४.बनिया | | | १२६,९७१ | ०. |
| १५.मल्लाह | ११०,४१३ | ०.६० | ११५,९८६ | ०.५१ |
| १६.कलवार | | | ११५,६०६ | ०.५१ |
| १७.हजाम/ठाकुर | | | ९८,१६९ | ०.४३ |
| १८.कानु | ७०,६३४ | ०.३८ | ९५,८२६ | ०.४२ |
| १९.राजबंशी | ८२,१७७ | ०.४ | ९५,८१२ | ०.४२ |
| २०.सुडी | १६२,०४६ | ४ | ८९,८४६ | ०.४० |
| २१.लोहार | | ०.८८ | ८२,३६७ | ०.३६ |
| २२.तत्मा | | | ७६,५१२ | ०.३४ |
| २३.खत्वे | ६६,६१२ | | ७४,९७२ | ०.३३ |
| २४.धोबी | ७६,५९४ | ०.३६ | ७३,४१३ | ०.३२ |
| २५.नुनिया | | ०.४१ | ६६,८७३ | ०.२९ |
| २६.कुम्हार | ७२,००८ | | ५४,४१३ | ०.२४ |
| २७.दनुवार | ५०,७५४ | ०.३९ | ५३,२२९ | ०.२३ |
| २८.हलुवाई | ४४,४१७ | ०.२७ | ५०,५८५ | ०.२२ |
| २९.राजपुत | ५५,७१२ | ०.२४ | ४८,४५४ | ०.२१ |
| ३०.कायस्थ | ५३,५४५ | ०.३० | ४६,७०१ | ०.२० |
| ३१.बढई | | ०.२९ | ४५,९७५ | ०.२० |
| ३२.मारवाडी | २९,१७३ | | ४३,९७१ | ०.१९ |
| ३३.सतार/सन्थाल | | ०.१६ | ४२,६९८ | ०.१९ |
| ३४.झांगर | | | ४१,७६४ | ०.१८ |
| ३५.बातर | | | ३५,८३९ | ०.१६ |
| ३६.बरई | | | ३५,४३४ | ०.१६ |
| ३७.कहार | | | ३४,५३१ | ०.१५ |
| ३८.गनगाई | २२,५२६ | | ३१,३१८ | ०.१४ |
| ३९.राजभार | ३३,४३३ | ०.१२ | २४,२६३ | ०.११ |
| ४०.लोढा | | ०.१८ | २४,७३८ | ०.११ |
| ४१.धिमाल | १६,७८१ | | १९,५३७ | ०.०९ |
| ४२.विंड/विन्डा | | ०.०९ | १८,७२० | ०.०८ |
| ४३.नुरांग | | | १७,५२२ | ०.०८ |
| ४४.भेडियार/गडेरी | | | १७,७२९ | ०.०८ |
| ४५.ताजपुरीया | | | १३,२५० | ०.०६ |
| ४६.चिडिमार | | | १२,२९६ | ०.०५ |
| ४७.माली | | | ११,३९० | ०.०५ |
| ४८.बंगाली | ७,९०९ | | ९,८६० | ०.०४ |

| | | | | |
|---|---|---|---|---|
| ४९.डोम | | ०.०४ | ८,९३१ | ०.०४ |
| ५०.कमार | | | ८,७६१ | ०.०४ |
| ५१.मेचे | | | ३,७६३ | ०.०२ |
| ५२.हलखोर | | | ३,६२१ | ०.०२ |
| ५३.पञ्जाबी/सिख | ९,२९२ | | ३,०५४ | ०.०१ |
| ५४.किसान | | ०.०५ | २,८७६ | ०.०१ |
| ५५.धुनिया | | | १,२३१ | ०.०१ |
| ५६.कोचे | | | १,४२९ | ०.०१ |
| ५७.जैन | | | १,०१५ | ०.०१ |
| ५८.मुण्डा | | | ६६० | ०.०१ |
| ५९.पथ्थरकटा कुशवाडिया | | | ५५२ | ०.०१ |

श्रोत : पपुलेशन मोनोग्राफ अफ नेपाल, भाग १, तथ्यांक विभाग, सन् २००३

मुलुक भित्रका बिभिन्न जात जातिहरुको विवरण उल्लेख गरिएको सन् ९१ र सन् ००१ दुबै जनगणनामा स्पष्ट रुपमा मधेसका जात जाति भनी किटान गरिएको छैन । श्री ५ को सरकार, तथ्यांक विभागले प्रकाशित गरेको पपुलेशन मोनोग्राफ अफ नेपाल भाग १, पृष्ठ ९३ मा सन् २००१ को जनगणनामा नाम उल्लेख नगरि तराईको जात जातिको संख्या ५० भनिएको छ । डा. हर्क गुरुंग व्दारा लिखित सोसियल डेमोग्राफी अफ नेपाल (प्रकाशन सन् २००३), पृष्ठ ३८-३९ मा उल्लेखित विवरणमा भित्री तराई र तराईका जातिमा १३ वटा तथा तराईका जात भनी ४४ वटा र अन्यमा ३ वटा (बंगाली, मुसलमान र सिख) समेत गरि ६० वटा जात जातिलाई तराईको भनिएको छ । राष्ट्रिय जनगणना २००१, नेशनल रिपोर्ट (सन् २००३), पृष्ठ ७२, टेबुल १६ मा उल्लेखित अज्ञात समेतका गरि १०३ जात जाति वारे बिचार गर्दा मधेसका जात जातिको कूल संख्या उपरोक्त टेबुल अनुसार ५९ हुन आउंछ । तसर्थ जनगणनाको नेशनल रिर्पोटको आधारमा तालिका नं. ६ मा मधेसका जात जातिको संख्या ५९ भनिएको हो ।

**<u>मधेसी जनसंख्यामा ऋणात्मक प्रवृति</u>**

कुनै पनि मुलुकको जनसंख्यामा ह्रास आउनुको केहि बिशेष कारणहरु हुने गर्दछ । खास गरि आन्तरिक गृहयुद्ध तथा वाहिरी राष्ट्रसंगको युद्ध, राजनीतिक कारणबाट शरणार्थी भै मुलुकबाट बाहिरिने अबस्था, दैवि प्रकोप र विनाशकारी रोगब्याधीको बेलामा मात्र मुलुकहरुका जनसंख्यामा ह्रास आउने गर्दछ । नेपालकै अनुभवको उल्लेख गर्दा सन् १९२० र सन् ३० को अवधिमा नेपालको जनसंख्यामा क्रमश: -०.१३% र -०.०७% को दरमा जनसंख्यामा ह्रास देखिएको थियो । यस ह्रासको मुख्य कारण त्यस बखत विश्वव्यापी रुपमा फैलिएको इन्फ्ल्युञ्जाको महामारी तथा प्रथम र दोश्रो विश्वयुद्धमा ठुलो संख्यामा नेपालीहरुको सहभागिता बताइन्छ । नेपालमा सन् १९९१ र सन् २००१ का बीच यस्तो कुनै परिस्थिति नै नआईकन केहि जात जाति बिशेषको जनसंख्यामा ऋणात्मक अन्तर देखा परेको छ । जनसंख्यामा ह्रासको यो प्रवृति अन्य समुहहरुमा पनि देखिएको छ । तर खास गरि मधेसी समुहका यादव, मुसहर, ब्रम्हण, मल्लाह, राजबंशी, सुडी, खत्वे, धोबी, कुम्हार, दनुवार, हलुवाई, राजपुत, कायस्थ, राजभार र सिख जात जातिमा ह्रासको ठूलो प्रवृति देखिएको छ । मधेसका जात जातिहरुमा ब्रम्हण -१७.४%, धोबी -४.१%, कलवार -२८.७%, कायस्थ -१३.९%, कुम्हार -२४.४%, राजभार -२७.४%, राजपुत -१३.०% र सिख -६७.१% को दरबाट ह्रास आएको छ । यसको कारण रोजगारीका लागि भारत तर्फ बिस्थापन, जनगणनाका बखत

जागरणको अभावमा सहभागिताका कमी तथा राज्य निर्देशित जनसंख्याको चालबाजी हुन सक्दछ ।

## मधेसमा जात जाति तथा दलितको सामाजिक संरचना

जनगणनाको क्रममा हालसम्म मुलुकका सबै जात जातिहरुको वास्तविक तथ्यांक उपलब्ध हुन सकेको छैन । सन् १९९१ को जनगणनामा जात जातिको कूल संख्या ५९ देखाईएको थियो भने सन् २००१ मा यो संख्या १०० पुगेको छ । श्री ५ को सरकार, तथ्यांक विभागका अनुसार नै सन् १९९१ मा मधेसीमूलका जात जातिहरुको संख्या २९ भएकोमा सन् २००१ मा ५० पगेको छ । यसरी नयां संख्या थपिनुमा सरकारी प्रयास भन्दा पनि बिभिन्न जात जातिहरुमा बढेको जागरणको स्तर प्रमुख कारण हो । अर्को जनगणनामा पनि यस प्रवृतिमा थप सुधार हुने अनुमान गर्न सकिन्छ ।
हाल उपलब्ध यहि तथ्यांकको आधारमा बिभिन्न मूलका नेपालीहरुको सामाजिक तथा जातीय संरचनाको बिश्लेषण गर्नु पर्ने हुन्छ । यताका बर्षहरुमा यसैलाई आधार मानेर जनजाति तथा दलितहरुको अनुसूचि तयार गर्ने काम भएको छ ।

**तालिका ७** नेपालका जनजाति अनुसूचि

| पहाडी समूहका जनजाति | मधेसी समूहका जनजाति |
|---|---|
| १.कुमाल, २.कुशुण्डा, ३.गुरुंग, ४.चेपांग, ५.छन्त्याल, ६.छैरोतन, ७.जिरेल, ८.डोल्पो, ९.ताङ्वे, १०.तामांग, ११.तीन गाउंले थकाली, १२.तोप्केगोला, १३.थकाली, १४.थामी, १५.थुदाम, १६. दराई, १७.दुरा, १८.नेवार, १९.पहारी, २०.फ्री, २१.बनकारिया, २२.बरामो, २३.बाह्र गाउंले, २४.बोटे, २५.भुजेल, २६. भोटे, २७.मगर, २८.माझी, २९.मार्फाली थकाली, ३०.मुगाली, ३१.याक्खा, ३२.राई, ३३.राउटे, ३४.राझी, ३५.लार्के, ३६.लिम्बू, ३७.लेप्चा, ३८.ल्होपा, ३९.ल्होमी,शिङ.सावा, ४०.वालुंग, ४१.ब्यासी, ४२.शेर्पा, ४३.सियार, ४४.सुनुवार, ४५.सुरेल, ४६.हायु, ४७.ह्याल्मो | १.किसान २.कुशवाडिया<br>३.गनगाई ४.झांगड<br>५.ताजपुरीया ६.थारु<br>७.दनुवार ८.धानुक<br>९.धिमाल १०.मेचे/वोडो<br>११.राजवंशी/कोच<br>१२.सतार/सन्थाल |

श्रोत : नेपाल राजपत्र, सन् २००२ जनवरी, नोट : नेपाल जनजाति उत्थान प्रतिष्ठानले तयार गरेको प्रतिवेदनमा ६० वटा जनजातिको नामावली समावेश गरिएको थियो ।
नोट : बिभिन्न निकायहरुबाट प्रकाशित अनुसूचिहरुमा मधेसका झांगर, मल्लाह, कुम्हार, लोहारलाई समेत दलित समुदायमा राखिएको देखिन्छ । तर सरकारी अनुसूचिमा यिनीहरुलाई समावेश गरिएको छैन । यसै गरि कुशवाडिया/पथ्थरकट्टालाई एउटै जात भनी दलित समुदायमा राखिएको देखिन्छ । यहां सरकारी अनुसूचिको आधारमा कुशवाडियालाई जनजाति तथा पथ्थरकट्टालाई दलित अनुसूचिमा राखिएको छ ।

**तालिका ८** नेपालका दलित अनुसूचि

| पहाडी समूहका दलित | | मधेसी समूहका दलित | | |
|---|---|---|---|---|
| १.गाइने | २.दमाई | १.कलर | २.ककैहिया | ३.कोरी |
| ३.वादी | ४.कामी | ४.खटिक | ५.खत्वे | ६.चमार |
| ५.सार्की | | ७.चिडिमार | ८.डोम | ९.तत्मा |
| | | १०.दुसाध,पासवान | | ११.धोबी |
| | | १२.पथ्थरकट्टा | १३.पासी | १४.बातर |
| | | १५मुसहर | १६.हलखोर | १७.सरभंड. |

श्रोत : राष्ट्रिय दलित आयोग,२०६०/०६१ को परिमार्जन सूचना

नोट : पहाडी समुहमा नेवार समुदाय भित्र रहेका दलितहरुको वारेमा सरकारी तथ्यांक उपलब्ध छैन । तालिका नं. ८ मा उल्लेखित पहाडी समुहका दलित भित्र कयौं थरहरु हुने हुनाले यहां मूल दलित जातको मात्र उल्लेख गरिएको हो ।

**तालिका ९** मधेसी मूलका जनजाति तथा दलितहरुको जनसंख्या :

| **जनजाति** | **संख्या** | **%** | **दलित** | **संख्या** | **%** |
|---|---|---|---|---|---|
| १.किसान | २,८७६ | ०.०१ | १.चमार राम | २६९,६६१ | १.१९ |
| २.कुशवाडिया | ५५२ | ०.०१ | २.मुसहर, | १७२,४३४ | ०.७६ |
| ३.गनगाई | ३१,३१८ | ०.१४ | ३.दुसाध/पासवान | १५८,५२५ | ०.७० |
| ४.झांगड | ४१,७६४ | ०.१८ | ४.तत्मा | ७६,५१२ | ०.३४ |
| ५.ताजपुरीया | १३,२५० | ०.०६ | ५.खत्वे, | ७४,९७२ | ०.३३ |
| ६.थारु | १,५३३,८७९ | ६.७५ | ६.धोबी | ७३,४१३ | ०.३२ |
| ७.दनुवार | ५३,२२९ | ०.२३ | ७.बातर, | ३५,८३९ | ०.१६ |
| ८.धानुक | १८८,१५० | ०.८३ | ८.चिडिमार | १२,२९६ | ०.०५ |
| ९.धिमाल | १९,५३७ | ०.०९ | ९.डोम, | ८,९३१ | ०.०४ |
| १०.मेचे,वोडो | ३,७६३ | ०.०२ | १०.हल्खोर, | ३,६२१ | ०.०२ |
| ११.राजवंशी,कोच | ९५,८१२ | ०.४२ | | | |
| १२.सतार,सन्थाल | ४२,६९८ | ०.१९ | | | |

श्रोत : तथ्यांक विभाग, नेशनल रिर्पोट २००३

नोट :मधेसी समुहका दलित जात मध्ये कलर, ककैहिया, कोरी, खटिक, पथ्थरकट्टा, पासी र सरभंड.को आधिकारित तथ्यांक उपलब्ध छैन ।

## मधेसको भाषिक संरचना

सन् २००१ को जनगणनामा जम्मा ९३ वटा मातृभाषाहरुलाई सूचिकृत गरिएको छ। यस मध्ये एक लाई अज्ञात भनी उल्लेख गरिएको छ। यसरी ९२ वटा भाषाको स्पष्ट किटान गरिएको छ । यसरी यति बढी संख्यामा मातृभाषाहरुको उल्लेख भएको यो पहिलो मौका हो। यस अघि सन् १९५२/५४ मा ४४ वटा, सन् १९६१ मा ३६ वटा, सन् १९७१ मा १७ वटा, सन् १९८१ मा १८ वटा र सन् १९९१ मा ३२ वटा मातृभाषाहरुको उल्लेख भएकोमा सन् २००१ मा यस संख्यामा ठुलो बृद्धि भएको हो । मुलुकमा लामो समयसम्म कायम रहेको पंचायति व्यवस्थाका दौरान अपनाईएको एउटा राष्ट्र एउटै भाषाको नीति अन्तर्गत त्य अवधिका जनगणनाहरुमा वास्तविक मातृभाषिहरु तथा मातृभाषाहरुको संख्यालाई तथ्यांकमा समावेश गरिएन। अझ् सन् २००१ को जनगणनामा यकिन जानकारीको अभावमा १६८,३४० जनाको मातृभाषालाई अज्ञात श्रेणीमा राखिएको छ, जुन मुलुकको कुल जनसंख्याको ०.७४ प्र.श. हुन आउंछ। तसर्थ आउने जनगणनामा मातृभाषाको संख्या अझ बढने निश्चित प्रायः छ।

नेपालमा बोलिने मातृभाषाहरुलाई मोटामोटी रुपमा १) इण्डो-युरोपीयन समुह, २) सिनो-टिबेटीयन समुह, ३) एस्ट्रो-एशियाटिक समुह तथा ४) द्रबिडियन समुहमा गरि चार मूल समुहमा बिभाजन गरिएको छ । यस मध्ये सिनो-टिबेटीयन समुहका दनुवारी तथा एस्ट्रो-एशियाटिक समुहका सतार र सन्थाली बाहेक मधेसमा बोलिने मैथिली, भोजपुरी, थारु, अवधि, राजबंशी, हिन्दी र उर्दु सबै भाषाहरु इण्डो-युरोपीयन समुह भित्रै पर्दछ। इण्डो-युरोपीयन समुहका खश कुरा अर्थात नेपाली भाषा सबै भन्दा बढी बोलिने भाषामा आउंछ। सन् १९७१ र सन् १९९१ को जनगणनाको अपवाद बाहेक यो भाष बोल्नेहरुको संख्यामा निरन्तर बृद्धि नै भएको दखिन्छ, जबकि यहि समुका भोजपुरी बोल्नेहरुको संख्यामा केहि ह्रास देखिएको छ।

सन् २००१ को जनगणना अनुसार इण्डो-युरोपीयन समुहका मातृभाषा बोल्नेहरु कूल ७९.१%, सिनो-टिबेटीयन समुहका १८.४%, एस्ट्रो-एशियाटिक समुहका ०.२% र द्रबिडियन समुहका मातृभाषा बोल्नेहरु ०.१ % रहेको छ। अन्य मातृभाषा बोल्नेहरु २.२% रहेका छन् । नेपाली मातृभाषा बोल्नेहरुको कूल ४८.६१% को तुलनामा मधेसी मूलका मातृभाषा बोल्नेहरु ३१.८४% रहेका छन्।



**तालिका १०** मधेसका मातृभाषाहरुको वितरण, सन् २००१

| क.सं. | मातृभाषा | % | क.सं. | मातृभाषा | % |
|---|---|---|---|---|---|
| १. | मैथिली | १२.३० | २. | भोजपुरी | ७.५३ |
| ३. | थारु | ५.८६ | ४. | अवधि | २.४७ |
| ५. | बज्जिका | १.०५ | ६. | उर्दु | ०.७७ |
| ७. | राजबंशी | ०.५७ | ८. | हिन्दी | ०.४७ |
| ९. | सन्थाली | ०.१८ | १०. | दनुवारी | ०.१४ |
| ११. | झांगड | ०.१३ | १२. | बंगला | ०.१० |
| १३. | मारवाडी | ०.१० | १४. | धिमाल | ०.०८ |
| १५. | अंगिका | ०.०७ | १६. | मेचे | ०.०१ |
| १७. | पंजाबी | ०.०१ | १८. | किसान | ०.०० |
| १९. | उरीया | ०.०० | २०. | सिन्धी | ०.०० |
| २१. | हरियाणवी | ०.०० | २२. | मगही | ०.०० |
| २३. | असमीया | ०.०० | | **जम्मा** | **३१.८४** |

श्रोत : राष्ट्रिय जनगणना, नेशनल रिर्पोट, सन् २००२

**<u>मधेसमा साक्षरताको स्थिति</u>**

सन् १९९१ को जनगणनामा जम्मा ६० वटा जात जातिहरुको साक्षरता स्तरको तथ्यांक दिईएको थियो । सन् २००१ को जनगणनामा १०० जात जातिहरुको साक्षरताको तथ्यांक दिईएको छ । यस अनुसार नेपालको साक्षरता दर समग्रमा **<u>५३.८%</u>** देखिएको छ । सन् १९९१ मा औसत साक्षरता दर ३९.०% थियो । सन् १९९१ मा २० वटा जात जातिले मुलुकको औसत साक्षरताको दरलाई उछिन्नेको थियो भने सन् २००१ मा ३० वटा जात जातिले मुलुकको औसत साक्षरताको दरलाई उछिन्नेको छ । सन् ९१-००१ को दशकमा मुलुकको साक्षरताको दरमा उल्लेखनीय प्रगति भएको देखिन्छ । यस अवधिमा मधेसका बहुसंख्यक जात जातिहरुको साक्षरता दरमा पनि उल्लेखनीय प्रगति भएको छ । सन् १९९१ र सन् २००१ को तुलना गर्दा थारु, यादव, मुसलमान, सुडी, हलुवाई, तेली, दनुवारमा झण्डै दोब्बरको दरमा साक्षरताको बृद्धि भएको छ । तर पनि मधेसका धेरै जात जातिहरुको साक्षरताको बृद्धि दरले औसत राष्ट्रिय दरलाई नाध्न नसक्नु दुःखद् बिषय नै हो । साक्षरताको सन्दर्भमा सबै भन्दा निराशजनक स्थिति मधेसका दलितहरुको छ । मधेसका दलितहरुमा यौटा धोबी बाहेक कुनैले पनि ३९% प्र.श.लाई नाध्न सकेको छैन । बढी जनसंख्याको रुपमा रहेका मधेसका दलितहरु मध्ये चमार २३.८%, खत्बे २३.५%, दुसाध पासवान २४.८%, मुसहर ११.१ % को साक्षरता दरमात्र हासिल गर्न सकेको छ । यसै गरि मधेसका धिमाल ५८.८%, राजबंशी ५४.७%, गनगाई ५२.२%, ताजपुरीया ५२.२%, दनुवार ४८.६%, धानुक ४१.४%, झांगड ३०.८% साक्षरता दरलाई नाध्न सकेको छैन ।

**(हेर्नुस् : <u>तालिका नं. ११</u> मधेसका जात जाति तथा पिछडावर्गको साक्षरताको तुलनात्मक विवरण)**

**<u>तालिका ११</u>** मधेसी समुहका जात जातिको साक्षरता (% मा)

| क.सं. | जात जाति | जात | | जनजाति | | दलित | | अन्य | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | १९९१ | २००१ | १९९१ | २००१ | १९९१ | २००१ | १९९१ | २००१ |
| १. | थारु | | | २७.७ | ५३.७ | | | | |
| २. | मुसलमान | | | | | | | २२.२ | ४०.१ |
| ३. | यादव | २६.३ | ४६.० | | | | | | |
| ४. | तेली | ३६.३ | ५६.६ | | | | | | |
| ५. | चमार राम | | | | | १०.१ | २३.८ | | |
| ६. | कोइरी | | ४८.९ | | | | | | |
| ७. | कुर्मी | २५.२ | ४२.६ | | | | | | |
| ८. | धानुक | | | २२.८ | ४१.४ | | | | |
| ९. | मुसहर | | | | | ४.२ | ११.१ | | |
| १०. | दुसाध पासवान | | | | | ९.९ | २४.८ | | |
| ११. | सोनार | | | | | | | | |
| १२. | केवट | २४.४ | ४२.१ | | | | | | |
| १३. | ब्रम्हृण | ६१.६ | ७६.१ | | | | | | |
| १४. | बनिया | ४६.८ | ७१.९ | | | | | | |
| १५. | मल्लाह | १२.० | ३१.२ | | | | | | |
| १६. | कलवार | | ६५.४ | | | | | | |
| १७. | हजाम ठाकुर | | ४८.३ | | | | | | |
| १८. | कानु | २९.१ | ४८.३ | | | | | | |
| १९. | राजबंशी | | | ३३.७ | ५४.७ | | | | |
| २०. | सुडी | ४४.७ | ६४.३ | | | | | | |
| २१. | लोहार | | ४३.३ | | | | | | |
| २२. | तत्मा | | | | | | २९.१ | | |
| २३. | खत्वे | | | | | ११.५ | २३.५ | | |
| २४. | धोबी | | | | | २०.७ | ३९.१ | | |
| २५. | नुनिया | | २८.१ | | | | | | |
| २६. | कुम्हार | २७.७ | ४२.९ | | | | | | |
| २७. | दनुवार | | | २४.५ | ४८.६ | | | | |
| २८. | हलुवाई | ४१.२ | ६२.६ | | | | | | |
| २९. | राजपुत | ५१.७ | ७४.६ | | | | | | |
| ३०. | कायस्थ | ६४.४ | ८५.८ | | | | | | |
| ३१. | बढई | | ४७.७ | | | | | | |
| ३२. | मारवाडी | ८८.० | ९१.७ | | | | | | |

| क. सं. | जात जाति | जात | | जनजाति | | दलित | | अन्य | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | १९९१ | २००१ | १९९१ | २००१ | १९९१ | २००१ | १९९१ | २००१ |
| ३३. | सतार सन्थाल | | | | २९.७ | | | | |
| ३४. | झांगर | | | | ३०.८ | | | | |
| ३५. | बातर | | | | | | २६.१ | | |
| ३६. | बरई | | ४९.६ | | | | | | |
| ३७. | कहार | | ३८.१ | | | | | | |
| ३८. | गनगाई | | | ३५.९ | ५२.२ | | | | |
| ३९. | राजभार | २४.५ | ४४.७ | | | | | | |
| ४०. | लोढा | | ३६.४ | | | | | | |
| ४१. | धिमाल | | | | | | | | |
| ४२. | विंड विन्डा | | | | | | | | |
| ४३. | नुरांग | | | | | | | | |
| ४४. | भेडियार गडेरी | | ३९.७ | | | | | | |
| ४५. | ताजपुरीया | | | | ५२.२ | | | | |
| ४६. | चिडिमार | | | | | | ३५.१ | | |
| ४७. | माली | | ४२.३ | | | | | | |

| क.सं. | जात जाति | जात | | जनजाति | | दलित | | अन्य | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | १९९१ | २००१ | १९९१ | २००१ | १९९१ | २००१ | १९९१ | २००१ |
| ४८. | बंगाली | | | | | | | ५१.२ | ७५.६ |
| ४९. | डोम | | | | | | १३.८ | | |
| ५०. | कमार | | २२.० | | | | | | |
| ५१. | मेचे | | | | ५७.८ | | | | |
| ५२. | हलखोर | | | | | | ३७.८ | | |
| ५३. | पन्जाबी सिख | | | | | | | २६.१ | ५१.९ |
| ५४. | किसान | | | | ४०.६ | | | | |
| ५५. | धुनिया | | २४.० | | | | | | |
| ५६. | कोचे | | | | | | | | |
| ५७. | जैन | | | | | | | | ९५.५ |
| ५८. | मुण्डा | | | | | | | | |
| ५९. | पथ्थरकटा कुशवाडिया | | | | १३.२२ | | | | |

# अध्याय- तीन

## नयां समुह संरचनामा मधेसी जनसंख्याको अध्ययन

### **मधेसी जनसंख्याको संरचना बिश्लेषणमा त्रृटी**

मुलुकको यथार्थ सामाजिक तथ्यांक तथा जातीय जानकारीको अभावमा नेपालका मधेसी समुदायको जनसंख्याको बिश्लेषण गर्दा बिभिन्न विव्दानहरुबाट गंभीर प्रकारका त्रृटीहरु भएको देखिन्छ । मुलुकका कतिपय नाम चलेका समाजशास्त्री तथा मानवशास्त्रीहरुले समेत मधेसका बिभिन्न जात जातिको सामाजिक संरचना र बनौटका बारेमा गलत बिश्लेषण एवं त्रृटीपूर्ण प्रस्तुति गरेको कारणबाट जनसंख्या विज्ञहरुको अध्ययन समेत प्रभावित भएको देखिन्छ । आज सम्मको जनसंख्या बिश्लेषणमा हिन्दु परम्परावादी बर्णव्यबस्थाको आधार समेतलाई ध्यानमा राखेर पहाडी समुहमा बाहुन, क्षेत्री र ठकुरी (यद्यपी क्षेत्री र ठकुरी एउटै हुन्) लाई उच्च जातका भनी एउटा वर्गमा राखिएको छ । यसै गरि मंगोलाइड (mongoloid) अनुहारकाहरुलाई जनजातिको श्रेणीमा राखिएको छ । र हिन्दु परम्परावादी बर्णव्यबस्थाकै उपेक्षामा पारिएकाहरुलाई दलितको वर्गमा राखिएको छ । उपरोक्त आधारमा गरिएको जनसंख्याको सामाजिक बिभाजनमा पहाडी समुहका प्रायः सबै जात जाति समेटिएको देखिन्छ तर सोहि आधारमा भने मधेसी समुहका जातजातिहरुको जनसंख्याको सामाजिक विभाजनमा भने मधेसी समुहका धेरै ठुलो जनसंख्याको भागको श्रेणी बिभाजन त्रृटीपूर्ण रहेको छ । मधेसी समुहमा भने उच्च जातको वर्गमा सामाजिक रुपबाट परम्परा देखि नै जातीय विभेदमा परेका, पिछडिएका अनेकौं जातलाई एकै ठांउमा राखेर समस्या खडा गरिएको छ । यसका साथै एउटै जात जातिहरुलाई बिभिन्न समुहहरुमा सूचिकृत गरिएको देखिन्छ । श्री ५ को सरकार, तथ्यांक विभागका आधिकारिक प्रकाशनहरुमा झांगडलाई दलित समुहमा, कुशवाडिया/पथ्थरकट्टालाई जनजातिको पहाडी समुहमा, फेरी झांगडलाई जनजातिको मधेसी समुहमा उल्लेख गरिएको छ ( **पपुलेशन मानोग्राफ अफ नेपाल, भाग १, पृष्ठ संख्या ११४,केन्द्रीय तथ्यांक विभाग**) । कुशवाडिया/पथ्थरकट्टा एउटै होईनन् तर स्वतन्त्र क्षेत्रका विभिन्न जानकारहरुका साथै स्वयं तथ्यांक विभागले पनि कुशवाडिया/पथ्थरकट्टालाई एउटै नाममा सूचिकृत गरेको छ (पपुलेशन सेन्सस २००१, नेशनल रिपार्ट, २००२/३) । जबकि, श्री ५ को सरकार, स्थानीय विकाश मंत्रालयले राजपत्रमा प्रकाशित गरेको ( फरवरी ७, २००२) सूचनाको अनुसूचिमा भने कुशवाडियालाई जनजातिमा समावेश गरेको छ भने झांगडलाई जनजातिको अनुसूचिमा समावेश गरिएको छैन । यसै गरि आपसमा सर्वथा भिन्न प्रकृतिका धानुकलाई राजवंशी भनी उल्लेख गरिएको छ । डा. हर्क गुरुंगले लेखेको पुस्तकमा झांगड तथा कुशवाडियालाई जनजातिको अनुसूचिमा राखिएको छ । सोहि पुस्तकको दलित अनुसूचिमा फेरि झांगडलाई दलितमा राखिएको छ, साथै श्री ५ को सरकारले प्रकाशित गरेको दलित अनुसूचि भन्दा भिन्न लोहार तथा सोनारलाई तराई समुहको दलितमा देखाईएको छ (**सोसियल डेमोग्राफि अफ नेपाल : सेन्सस २००१, पृष्ठ ३०, ३२, ३३ हिमाल बुक्स**) । यसै गरि प्रचलित समुह विभाजनमा मधेसका कतिपय जात जातिहरुको जातिगत वृति अनुसार ठिक प्रकारको समुह संरचनामा राखिएको देखिदैन । बनिया, सुडी, कलवार, हलवाई, तेली, बरई, कोईरी, हजाम, कानु, बढई, यादव, राजभार, लोहार,

कुम्हार, कुर्मी, माली, केवट, धानुक, भेडियार गडेरी, कहार, लोढा, मल्लाह, नुनिया, धुनिया, कमार, बिन्ड बिन्डा आदिलाई उच्च जात समुहमा राखिनु कुनै पनि आधारमा उपयुक्त छैन् । घुनिया बास्तवमा मुसलमान भित्रका हुन् । तर घुनियालाई छुट्टै जात समुहमा सुचिकृत गरिएको छ **(हेर्नुस् : सोसियल डेमोग्राफि अफ नेपाल : सेन्सस २००१, पृष्ठ ५१-५८ हिमाल बुक्स)** । यो नेपालको जनसंख्या बिश्लेषणमा मधेसी जनसंख्याको संरचना निर्माणमा भएको स्पष्ट रुपको त्रृटी हो ।

## मधेसी समुहको व्यवहारिक संरचना विभाजन

नेपालमा पहाडी र मधेसी गरि मुख्यतः दुई मूलका मानिसहरु बसोबास गरिआएको तथ्यमा अब कुनै बिवाद छैन । पहाडी मूलका मानिसहरुमा भाषिक आधारमा कैयन मातृभाषा बोल्नेहरु भएतापनि ककेसाइड (caucasoid cast) जात र मंगोलाइड (mongoloid ethnics) जाति, मूलतः यी दुई समुह भित्रै पर्दछन् । नेवारहरु पहाडी समुह मध्येकै हुन् र यिनीहरु पनि उपरोक्त अनुसार नै मूल दुई समुह भित्रकै हुन् । यिनीहरुको भाषा अन्य पहाडी समुहका भाषा भन्दा भिन्न छ र धार्मिक रुपमा नेवारहरु हिन्दु तथा बौद्धमार्गी दुबै तिर बिभाजित छन् ।

पहाडी समुहका भन्दा मधेसी समुदायमा जातीय रुपबाट सबै भन्दा बढी बिभिन्नता देखिन्छ । भाषिक रुपमा यो समुदायमा इण्डो-युरोपीयन (भारोपेली), सिनो-टिबेटीयन (भोट बर्मेली), एस्ट्रो-एशियाटिक (अग्नेली) र द्रबिडियन सबै प्रकारका मातृभाषा बोल्नेहरु छन् । यसका अतिरिक्त मधेसी समुह भित्र ४ वटा धार्मिक/भाषिक (मुसलमान, सिख, जैन र बंगाली) समुहहरु पर्दछन् ।

वर्तमान समयमा जनसंख्याको सामाजिक आधारमा समुहहरुको वितरण वा विभाजन गर्दा बडो बिचार पर्याउनु पर्ने हुन्छ । आजको आधुनिक युगमा राज्यले आफ्नो दायित्व अनुरुप बिभिन्न रुपको उपेक्षित तथा उत्पीडित वर्गहरुकालागि राजनैतिक सामाजिक र आर्थिक उत्थानका नीतिहरु तथा कार्यक्रमहरुको तर्जुमा गर्नु पर्दा जनसंख्याको सामाजिक विभाजनको बडो ठुलो भुमिका हुने गर्दछ । यस अर्थमा आजसम्मका अनुभवको आधारमा मधेसी समुहको नयां रुपको सामाजिक बिभाजन हुनु उपयुक्त देखिन्छ ।

हाल हाम्रो मुलुकमा जनगणनाको आधारमा जात (cast), जाति/जनजाति (ethinic), र दलित (dalit) गरि जम्मा तीन प्रकारको समुहको विभाजन गरिएको देखिन्छ । यहि सोचको आधारमा जनगणनाका तथ्यांकहरुलाई बिभिन्न सरोकारका क्षेत्रहरुको लागि प्रयोग र बिश्लेषण गर्ने गरिएको छ । उपरोक्त तीन प्रकारको समुह बिभाजनबाट मुलुकका पहाडी समुहका मानिसहरुमा खासै फरक परेको देखिदैन । तर अत्यन्त बिषम र जटील जातीय संरचना भएको मधेसी समुहका मानिसहरुका लागि उपरोक्त तीन प्रकारको बिभाजन व्यवहारिक देखिएको छैन् । यस आधारमा जनसंख्याको बिश्लेषण गरि राज्यले नीति निर्धारण गर्दा कुनै पनि अवसरको वितरणमा मधेसी समुहका वास्तविक तथा लक्षित जनसंख्याले लाभ पाउन सक्दैनन् । तसर्थ परम्परागत जातीय संरचना, जात जातिहरुको पेशा र परम्परागत व्यवसाय, बिभिन्न उपेक्षित उत्पीडित वर्गहरुको सामाजिक न्याय पाउने आकांक्षा र न्यायोचित्त शैक्षिक आर्थिक बिकाशको चाहनालाई मूर्त रुप दिने ध्येयलाई बिचार गर्दा मधेसी समुहको सामाजिक विभाजन निम्न चार समुहमा गर्नु उपयुक्त हुनेछ ।

१) **जात समुह** (**cast group**)
२) **जनजाति समुह** (**ethinic group**)
३) **पिछडा वर्ग** (**other deprived class,ODC**) र
४) **दलित समुह** (**dalit**)

उपरोक्त चार समुहमा मधेसी समुहको सामाजिक संरचनाको बिभाजन गर्दा निम्न अनुसारका जात जातिहरुलाई तल उल्लेख गरिए अनुसारका श्रेणीमा राख्नु हर दृष्टिकोणले व्यवहारिक हुन्छ ।

१) **जात समुह** (**cast group**) : ब्रम्हण, सन्यासी, राजपुत, भुमिहार, पंजाबी, जैन मारवाडी र कायस्थ ।

नेपालको जनसंख्याको सामाजिक संरचनामा सन्यासीलाई बाहुन भन्दा भिन्न राखिएको छ । सन्यासी पहाडी र मधेसी दुबै समुह भित्र छन् र सामाजिक व्यवहारका सन्दर्भमा सन्यासी बाहुन ब्रम्हण जात भित्र नै पर्दछ । यसै गरि मधेसका भुमिहार बस्तुतः क्षेत्री क्षत्रीय हुन् । पंजाबी र जैनलाई जात भन्दा पनि छुट्टै धार्मिक समुहमा राखिएको छ । सामाजिक व्यवहारका सन्दर्भमा पंजाबीहरु क्षेत्री क्षत्रीय समुह भित्रै पर्दछ । पंजाबी शिख धर्म मान्ने र बहुतायत मारवाडी जैन धर्म मान्ने छन् तथापी यी दुबै धर्म भित्र आफ्नै प्रकारको वर्ण व्यवस्था बिद्यमान छ । नेपालको सन्दर्भमा सजिलोका लागि पंजाबी र जैनलाई छुट्टै धार्मिक समुहमा सुचिकृत गरिए पनि मधेसी समुहको जनसंख्या बिश्लेषणको क्रममा जात समुहमा राख्नु उपयुक्त हुन्छ ।

२) **जनजाति समुह** (**ethinic group**) : किसान, कुशवाडिया, गनगाई, झांगड, ताजपुरिया, थारु, दनुवार, धानुक, धिमाल, मेचे बोडो, राजबंशी कोच र सतार सन्थाल

३) **पिछडा वर्ग** (**other deprived class,ODC**) : मुसलमान, यादव, तेली, कोइरी, कुर्मी, सोनार, केवट, बनिया, मल्लाह, कलवार, हजाम ठाकुर, कानु, सुडी, लोहार, नुनिया, कुम्हार, हलबाई, बढई, बरई, कहार, लोढा, राजभार, नुरांग, माली, धुनिया, बंगाली

नेपालको जनसंख्याको सामाजिक संरचनाको बिश्लेषणको क्रममा मुसलमानलाई छुट्टै धार्मिक समुहमा राखिएको छ । मुसलमान पहाडी समुहमा चुरौटे र मधेसी समुहमा मुसलमान कै रुपमा सुचिकृत छ । तर मधेसको जनसंख्याको सामाजिक संरचनामा मुसलमानलाई जात, जनजाति र दलितको समुहमा राख्नु व्यवहारिक हुदैन । यो वर्ग मधेसी समुहका अन्य उपेक्षित वर्ग भित्रकै भएकोले मुसलमानलाई पिछडा वर्गमा सुचिकृत गर्नु मुनासिब हुन्छ । कतिपय मुसलमानहरुले आफुहरुलाई नेपालको जनसंख्या बिश्लेषणको क्रममा अल्पसंख्यकको रुपमा राखिनु पर्नेमा जोड दिएको पाईन्छ । तर नेपालको जनसंख्याको सामाजिक संरचनाको निर्धारणमा अल्पसंख्यक वा बहुसंख्यकको मान्यतालाई स्वीकारिएको छैन । मुसलमान भित्र आफ्नै प्रकारको वर्ण व्यवस्था छ र मुसलमानहरु स्वयंमा उच्च र तल्लो जातमा गरि बिभाजित रहेका छन् ।

यादवहरु मधेसी समुहमा एउटा जातको रुपमा बहुसंख्यक भित्र पर्दछन् । तर हाम्रो छिमेकी मुलुक भारत तथा नेपालकै व्यवहारमा रहेको सामाजिक संरचनामा पिछडिएको वर्गमा पर्दछ । तसर्थ यादवलाई जात समुहमा सुचिकृत गर्नु भन्दा यस समुहको संरचना भित्र राख्नु सान्दर्भिक हुन्छ । बंगालीलाई नेपालको जनसंख्याको सामाजिक संरचनामा छुट्टै भाषिक समुहको रुपमा सुचिकृत गरिएको छ । भारतमा पनि बंगाली एउटा जात भन्दा पनि भाषिक रुपमै मान्यता पाएको छ र यस भित्र सामाजिक वृतिको आधारमा हिन्दु वर्ण व्यवस्था अनुसार कै उच्च र तल्लो जातका गरि अत्यन्तै बिभेदकारी जातीय विभाजन छ । यद्यपि नेपालको सन्दर्भमा

बंगालीहरु मधेसी समुह भित्रका भएकोले यसलाई पिछडिएको वर्गमै संरचनाकृत गरिनु उपयुक्त हन्छ ।
४) **दलित समुह (dalit)** : चमार राम, मुसहर, दुसाध पासवान, तत्मा, खत्वे, धोवी, वातर, चिडिमार, डोम, हल्खोर

**<u>मधेसी समुहको व्यवहारिक संरचना विभाजनको आधारमा</u>**

जिल्लागत रुपमा जात, जाति र पिछडिएका समुहको विवरण :

यहां नेपालको जनगणना २००१ को आधारमा मधेसका २० वटा जिल्लाका मधेसी समुहको माथि उल्लेखित संरचना (जात, जाति, पिछडा वर्ग र दलित) विभाजनको आधारमा जनसंख्याको बिश्लेषण प्रस्तुत गरिएको छ । मधेसका मुसलमान समुदाय मधेसी समुहका अन्य उपेक्षित जात भित्रकै भएकोले मुसलमानलाई पिछडा वर्गमा सुचिकृत गर्नु मुनासिब हुन्छ । तर नेपाल अधिराज्यको हाल कायम जनगणना विधिमा मुसलमान समुदायलाई छुट्टै एक धार्मिम समुहको रुपमा सुचिकृत गरिएकोले त्य भन्दा पूर्णतः भिन्न रुपमा यहां राखिएको छैन । साथै थारु र यादव झै मुसलमानहरु पनि पुरै मधेस क्षेत्रमा फैलिएको हुनाले जिल्लागत रुपमा यस समुदायको तथ्यांक आउनु पनि उतिकै आवश्यक भएकोले यस बिश्लेषणमा मुसलमानकै रुपमा छुट्टै राखिएको छ ।
प्रस्तुत बिश्लेषणमा मधेसका सबै २० जिल्लाको कूल जनसंख्या मध्ये मधेसी समुहका जनजाति, दलित, पिछडा वर्ग (मुसलमान बाहेक), मुसलमान र जातका (यस बिश्लेषणमा जात समुह भित्र ब्रम्हण, राजपूत/भुमिहार र सन्यासी समाविष्ट छ । कायस्थ, मारवाडी, बंगाली र पंजाबी राजनीतिक सामाजिक रुपमा राज्यबाट उपेक्षित नै भएकोले यिनीहरुलाई यस बिश्लेषणमा पिछडा वर्ग (other deprived class,ODC) मा समावेश गरिएको छ) साथै अज्ञात समेतको जनसंख्या प्रस्तुत गरिएको छ ।
यसरी यी मधेसी समुहहरु प्रत्येक जिल्लाका कूल जनसंख्याको कति प्रतिशत रहेको सोको समेत उल्लेख गरिएको छ । यसरी नै प्रत्येक जिल्लाको कूल जनसंख्या मध्ये पहाडी समुहका जनजाति, दलित, चुरौटे, जात र अज्ञात समेतको कूल जनसंख्या र जिल्लाको कूल जनसंख्यामा यी समुहहरुको प्रतिशतलाई समेतलाई तालिकामा उल्लेख गरिएको छ । यस बिश्लेषण अनुसार मधेसी समुदायका जनजातिहरुको सबै भन्दा बढी र कम क्रमशः बर्दीयामा ५२.७१% र सर्लाहीमा ५.८२% रहेको छ । मधेसी दलितको सबै भन्दा बढी र कम क्रमशः सप्तरीमा २३.०५% र चितवनमा ०.१४ % रहेको छ । पिछडावर्गको सबै भन्दा बढी र कम क्रमशः धनुषामा ५०.७८% र चितवनमा १.५८ % रहेको छ । मधेसी मुसलमानको सबै भन्दा बढी र कम क्रमशः बांकेमा २०.४९% र कंचनपुरमा ०.१० % रहेको छ । मधेसी जात समुहको सबै भन्दा बढी र कम क्रमशः महोत्तरीमा ७.४५% र दांगमा ०.०६ % रहेको छ ।
पहाडी समुहका जनजातिको सबै भन्दा बढी र कम क्रमशः चितवनमा ३४.३४% र कपिलबस्तुमा ४.४०% रहेको छ । पहाडी दलितको सबै भन्दा बढी र कम क्रमशः कंचनपुरमा १३.०९ % र पर्सामा ०.७२ % रहेको छ । चुरौटेको सबै भन्दा बढी र कम क्रमशः सप्तरीमा ०.२५ % र पर्सामा जम्मा ५ जना मात्र रहेको छ । पहाडी जात समुहको सबै भन्दा बढी र कम क्रमशः कंचनपुरमा ४८.०६% र सिरहामा ३.०९% रहेको छ । **(तालिका १२ र १३ हेर्नुस् )**

**<u>तालिका नं. १२</u>** जिल्लागत रुपमा मधेसी समुदाय भित्रका जात, जनजाति,पिछ्डावर्ग र मुसलमान समुहको विवरण :

१) मधेसी समुह

**पूर्वाञ्चल (५ जिल्ला)**

जिल्लाको जनसंख्या :

समुहको जनसंख्या :

कूल जनसंख्याको प्र.श. :

| | जनजाति | दलित | पिछ्डावर्ग | मुसलमान | जात | अज्ञात |
|---|---|---|---|---|---|---|
| १.झापा | | | | | | |
| ६१३५४९ | ११४७५८ | ३९२९ | ३२०४० | १८२९५ | २१८४ | ९९४ |
| | १८.१७ | ०.६४ | ५.२३ | २.९८ | ०.३६ | ०.१६ |
| २. मोरंग | | | | | | |
| ८१४५४९ | १७६०८३ | ५१६५९ | ११६९०६ | ४०३२१ | ११६९४ | १४३१५ |
| | २१.६२ | ६.३४ | १४.३६ | ४.९५ | १.४४ | १.७६ |
| ३.सुन्सरी | | | | | | |
| ६२७७६९ | १२५१३७ | ४९९८१ | १०९७८१ | ६८३७७ | ३५४४ | १०८११ |
| | १९.९४ | ७.९६ | १७.४९ | १०.८९ | ०.५७ | १.७२ |
| ४.सप्तरी | | | | | | |
| ५६८८५८ | ११३३५७ | १३१०९० | १९५६४० | ४७११४ | ९३६० | १२९१४ |
| | १९.९२ | २३.०५ | ३४.३९ | ८.२८ | १.६५ | २.२७ |
| ५.सिरहा | | | | | | |
| ५६२९६९ | ५७३०२ | ११२६७२ | २७२८७२ | ४१०३३ | ६९७५ | २०३४५ |
| | १०.१८ | २०.०१ | ४८.४७ | ७.२९ | १.२४ | ३.६१ |

**मध्यमाञ्चल (७ जिल्ला)**

| | जनजाति | दलित | पिछ्डावर्ग | मुसलमान | जात | अज्ञात |
|---|---|---|---|---|---|---|
| ६.धनुषा | | | | | | |
| ६६८००० | ४२६७५ | १११६८९ | ३३९२७२ | ५८०८४ | १३३९४ | ४४१४ |
| | ६.३८ | १६.७२ | ५०.७८ | ८.६९ | २.०० | ०.६६ |
| ७.महोत्तरी | | | | | | |
| ५५१८०८ | ४६००८ | ८३१८० | २३३११२ | ७४७७९ | ४१०८२ | ५७५२ |
| | ८.३३ | १५.०७ | ४२.२५ | १३.५५ | ७.४५ | १.०४ |
| ८.सर्लाही | | | | | | |
| ६३६५३३ | ३७०४६ | ९०२१३ | २८७८९१ | ४७४२७ | १९९७३ | ५७३५ |
| | ५.८२ | १४.१७ | ४५.२३ | ७.४५ | ३.१४ | ०.९० |
| ९.बारा | | | | | | |
| ५५९४७५ | ७९४७२ | ७३८४२ | २१७९२० | ७४९२५ | ५९३७ | ४०७६ |
| | १४.२० | १३.१९ | ३८.९५ | १३.३९ | १.०६ | ०.७३ |
| १०.पर्सा | | | | | | |
| ४९५३८० | ५०४१६ | ६३६७७ | २११९९४ | ७६५३६ | १०७१३ | ९२८१ |
| | १०.१८ | १२.८५ | ४२.७९ | १५.४५ | २.१६ | १.८७ |
| ११.रौतहट | | | | | | |
| ५४१०७० | २७३९३ | ८७४९२ | २४१८४० | १०६१३१ | ९११० | ३३०१ |
| | ५.०६ | १६.१८ | ४४.६९ | १९.६२ | १.६८ | ०.६१ |
| १२.चितवन | | | | | | |
| ४६७५३९ | ६०६६९ | ६८३ | ७३८५ | ३६२५ | १५०६ | ८० |
| | १२.९८ | ०.१४ | १.५८ | ०.७८ | ०.३२ | ०.०२ |

## पश्चिमाञ्चल (३ जिल्ला)

| | जनजाति | दलित | पिछडावर्ग | मुसलमान | जात | अज्ञात |
|---|---|---|---|---|---|---|
| १३.नवलपरासी | | | | | | |
| ५६१९८४ | ९२९७७ | ३४६१६ | ८२२७७ | २२०२२ | ३७४९ | २४३२ |
| | १६.५४ | ६.१६ | १४.६४ | ३.९२ | ०.६६ | ०.४३ |
| १४.रुपन्देही | | | | | | |
| ७०३६६४ | ७५०५४ | ६११९१ | १८९२४७ | ६२८५० | १०७३७ | ८०४५ |
| | १०.६६ | ८.६९ | २६.८९ | ८.९३ | १.५३ | १.१४ |
| १५.कपिलबस्तु | | | | | | |
| ४७५६४५ | ६०६७९ | ५२३७१ | १६३४२४ | ९३०९४ | ८७५९ | ३५३७ |
| | १२.७५ | ११.०१ | ३४.३६ | १९.५७ | १.८४ | ०.७४ |

## मध्य पश्चिमाञ्चल (३ जिल्ला)

| | जनजाति | दलित | पिछडावर्ग | मुसलमान | जात | अज्ञात |
|---|---|---|---|---|---|---|
| १६.बांके | | | | | | |
| ३७१७५७ | ५५७४८ | २३२३३ | ६७६४८ | ७६१८८ | ४७०३ | ५६९३ |
| | १४.९९ | ६.२५ | १८.१९ | २०.४९ | १.२६ | १.५३ |
| १७.बर्दीया | | | | | | |
| ३८२५८१ | २०१६८४ | ७९३२ | २०७९४ | ११५६८ | ३६०१ | ४६२४ |
| | ५२.७१ | २.०७ | ५.४३ | ३.०२ | ०.९४ | १.२० |
| १८.दांग | | | | | | |
| ४५८८०२ | १४७४३२ | १०९१ | १४५५७ | ४६४४ | २९५ | १९७ |
| | ३२.१३ | ०.२४ | ३.१७ | १.०१ | ०.०६ | ०.०४ |

## सुदूर पश्चिमाञ्चल (२ जिल्ला)

| | जनजाति | दलित | पिछडावर्ग | मुसलमान | जात | अज्ञात |
|---|---|---|---|---|---|---|
| १९.कैलाली | | | | | | |
| ६१६४६३ | २६९८५३ | ४९४१ | १५२३० | ३३५२ | ३७१२ | ६७७५ |
| | ४३.७८ | ०.८० | २.४७ | ०.५४ | ०.६० | १.०९ |
| २०.कंचनपुर | | | | | | |
| ३७७८९९ | ८८५४३ | १७९१ | १४७६५ | ३८५ | ८३६३ | २६१८ |
| | २३.४३ | ०.४७ | ३.९० | ०.१० | २.२१ | ०.६९ |

श्रोत : पपुलेशन अफ नेपाल २००१, कास्ट/इथिनिसिटी, मदरटङ् एण्ड रिलिजियन, भोलम १- ५, सि.बि.एस.

**तालिका नं. १३** जिल्लागत रुपमा पहाडी समुदाय भित्रका जात, जनजाति र चुरौटे समुहको विवरण :

२) पहाडी समुह

**पूर्वाञ्चल (५ जिल्ला)**

जिल्लाको जनसंख्या :
समुहको जनसंख्या :
कूल जनसंख्याको प्र.श. :

| | जनजाति | दलित | चुरौटे | जात | अज्ञात |
|---|---|---|---|---|---|
| १.झापा | | | | | |
| ६१३५४९ | १४३२६६ | ३११४३ | ७४३ | २५३०७८ | १३११९ |
| | २३.३५ | ५.०८ | ०.१२ | ४१.२५ | २.१४ |
| २. मोरंग | | | | | |
| ८१४५४९ | १७२२७४ | ३०८५८ | ०७ | १९८५२० | १८५९ |
| | २१.१५ | ३.७९ | ०० | २४.३७ | ०.२३ |
| ३.सुन्सरी | | | | | |
| ६२७७६९ | १३१५८८ | २०७४१ | ७४४ | १०५८९० | १०५३ |
| | २०.९६ | ३.३० | ०.१२ | १६.८७ | ०.१७ |
| ४.सप्तरी | | | | | |
| ५६८८५८ | २७८९२ | ४३७९ | १४५० | २५६२६ | ३६ |
| | ४.९० | ०.७७ | ०.२५ | ४.५० | ०० |
| ५.सिरहा | | | | | |
| ५६२९६९ | २८११९ | ५८५७ | ९३ | १७३७३ | ३२८ |
| | ४.९९ | १.०४ | ०.०१ | ३.०९ | ०.०५ |

**मध्यमाञ्चल (७ जिल्ला)**

| | जनजाति | दलित | चुरौटे | जात | अज्ञात |
|---|---|---|---|---|---|
| ६.धनुषा | | | | | |
| ६६८००० | ५४५१६ | ८०७८ | २० | ३५५१५ | ३४२ |
| | ८.१६ | १.२० | ०० | ५.३१ | ०.०५ |
| ७.महोत्तरी | | | | | |
| ५५१८०८ | ३७७१३ | ७२६६ | १६६ | २२२८१ | ४६९ |
| | ६.८३ | १.३२ | ०.०३ | ४.०४ | ०.०९ |
| ८.सर्लाही | | | | | |
| ६३६५३३ | ७६८१० | ११२४५ | ०० | ५८९३४ | १२५९ |
| | १२.०७ | १.७७ | ०० | ९.२६ | ०.१९ |
| ९.बारा | | | | | |
| ५५९४७५ | ४९९९९ | ४७१८ | ०० | ४६७५८ | १८२८ |
| | ८.९३ | ०.८५ | ०० | ८.३६ | ०.३२ |
| १०.पर्सा | | | | | |
| ४९५३८० | ३७३१५ | ३५६७ | ०५ | ३१९७२ | १६१ |
| | ७.५३ | ०.७२ | ०० | ६.४५ | ०.०३ |
| ११.रौतहट | | | | | |
| ५४१०७० | २८१५१ | ४२१८ | ०० | ३१२७८ | ३७० |
| | ५.२० | ०.७८ | ०० | ५.७८ | ०.०७ |
| १२.चितवन | | | | | |
| ४६७५३९ | १६०५६२ | ३८५१३ | ०० | १९२०४२ | २४७४ |
| | ३४.३४ | ८.२३ | ०० | ४१.०८ | ०.५३ |

## पश्चिमाञ्चल (३ जिल्ला)

| | जनजाति | दलित | चुरौटे | जात | अज्ञात |
|---|---|---|---|---|---|
| १३.नवलपरासी | | | | | |
| ५६१९८४ | १५०२०० | ३५२०१ | ०० | १३७३८३ | ११२७ |
| | २६.७२ | ६.२६ | ०० | २४.४५ | ०.२० |
| १४.रुपन्देही | | | | | |
| ७०३६६४ | ११२३०४ | २५०७८ | ५८ | १५८२९९ | ८०१ |
| | १५.९६ | ३.५६ | ०० | २२.४९ | ०.१२ |
| १५.कपिलबस्तु | | | | | |
| ४७५६४५ | २०९७० | ९९४८ | ०० | ६२५७९ | २८४ |
| | ४.४० | २.०९ | ०० | १३.१६ | ०.०६ |

## मध्य पश्चिमाञ्चल (३ जिल्ला)

| | जनजाति | दलित | चुरौटे | जात | अज्ञात |
|---|---|---|---|---|---|
| १६.बांके | | | | | |
| ३७१७५७ | ३६४३५ | १६७७८ | १५७ | ८४९६१ | ११३ |
| | ९.८० | ४.५१ | ०.०४ | २२.८५ | ०.०३ |
| १७.बर्दीया | | | | | |
| ३८२५८१ | १९५७६ | २३२२४ | २७२ | ८९२८८ | १८ |
| | ५.१२ | ६.०७ | ०.०७ | २३.३३ | ०० |
| १८.दांग | | | | | |
| ४५८८०२ | ७०६३१ | ४८४६५ | ०० | १६८९६२ | २५२८ |
| | १५.३९ | १०.५६ | ०० | ३६.८२ | ०.५५ |

## सुदूर पश्चिमाञ्चल (२ जिल्ला)

| | जनजाति | दलित | चुरौटे | जात | अज्ञात |
|---|---|---|---|---|---|
| १९.कैलाली | | | | | |
| ६१६४६३ | ३५४९२ | ७०५२६ | ०७ | १९४९८७ | ११५८८ |
| | ५.७६ | ११.४४ | ०० | ३१.६३ | १.८९ |
| २०.कंचनपुर | | | | | |
| ३७७८९९ | २१५९९ | ४९४६६ | ०० | १८१६०४ | ८७०४ |
| | ५.७१ | १३.०९ | ०० | ४८.०६ | २.३० |

श्रोत : पपुलेशन अफ नेपाल २००१, कास्ट/इथिनिसिटी, मदरटङ् एण्ड रिलिजियन, भोलम १- ५, सि.बि.एस.

## समग्र मधेसको सामाजिक संरचना

यहां प्रस्तुत गरिएको जनसंख्या बिश्लेषणको आशय नेपालका मधेस क्षेत्रको सामाजिक संरचनालाई प्रष्ट्याउनु हो । सामान्यतः नेपालको जनगणना प्रक्रियामा अपनाईने विधि अनुसार मधेसी समुदायको सामाजिक संरचनाको वास्तविक तथ्य नआउने हुनाले मधेसको व्यवहारिक यथार्थ अनुसार पिछडावर्गको संरचना विभाजन कायम गरि जनसंख्या बिश्लेषण गरिएको कुरा माथि उल्लेख भैसकेको छ । यहि व्यवहारिक सामाजिक संरचनाको आधारमा यहां मधेसका २० जिल्लाहरु (झापा, मोरंग, सुन्सरी, सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, बारा, पर्सा, रौतहट, चितवन, नवलपरासी, रुपन्देही, कपिलबस्तु, दांग, बांके, बर्दीया, कैलाली र कंचनपुर) को मधेसी समुहका जनजाति, दलित, पिछडावर्ग, मुसलमान र जात वर्गका जनसंख्याको विकाश क्षेत्रगत रुपमा कूल जनसंख्या र कूल जनसंख्यामा भिन्न भिन्न समुदायको प्रतिशत निकालिएको छ । यसै गरि मधेसका २० वटै जिल्लाका पहाडी समुहका जनजाति, दलित, चुरौटे र जात वर्गका जनसंख्याको विकाश क्षेत्रगत रुपमा कूल जनसंख्या र कूल जनसंख्यामा भिन्न भिन्न समुदायको प्रतिशत निकालिएको छ । यसबाट नेपालका मधेस क्षेत्रको कूल जनसंख्या, कूल जनसंख्यामा मधेसी र पहाडी समुदायको जनसंख्या तथा तिनीहरुको प्रतिशत स्पष्ट हुन आएको छ । नेपाल अधिराज्यका बिभिन्न जनगणनाहरुको सन्दर्भमा सर्वथा पहिलो पटक गरिएको यस बिश्लेषणबाट नेपालका मधेसी समुदायको मूल थलो मधेसमा यस वर्गको जातीय समुहगत जनसंख्याको संरचना र संख्यात्मक प्रतिशत स्पष्ट भएको छ । यसै प्रकारले खास गरि मुलुकको पहाडी भागहरुबाट बसाई सरेर मधेसका क्षेत्रहरुमा बसोबास गरि आएका तथा गरि रहेका पहाडी समुदायका जनसंख्याको आकार, सामाजिक संरचना र मधेसको कूल जनसंख्यामा यस समुदायको संख्यात्मक प्रतिशतलाई समेत स्पष्ट गरिएको छ ।

नेपालको जनगणना २००१ का अनुसार मधेसका २० जिल्लाहरुको कूल जनसंख्या १,१०,५६,२९४ रहेको छ । यो संख्या मुलकको कूल जनसंख्याको ४७.७६% हुन आउंछ । जनसंख्याको प्रस्तुत बिश्लेषण अनुसार मधेसी समुदायमा सबभन्दा बढी पिछडावर्गको जनसंख्या २८,३४,५९५ र सबभन्दा कम जात समुहका जनसंख्या १,७९,३९१ रहेको छ । यो कूल जनसंख्याको क्रमशः २५.६४% र १.६२ % हो । मधेसी समुदायमा क्रमशः पिछडावर्ग २५.६४%, जनजाति १७.३९ %, दलित ९.४८%, मुसलमान ८.४२% र जात समुह १.६२ % रहेको छ ।

यसै गरि पहाडी समुदायमा सब भन्दा बढी जात समुहका मानिसहरुको जनसंख्या २०,९७,३३० र सब भन्दा कम चुरौटे (पहाडी मुसलमान) को जनसंख्या ३,७२२ रहेको छ । यो कूल जनसंख्याको क्रमशः १८.९७ % र ०.०४ % हो । पहाडी समुदायमा क्रमशः जात १८.९७ %, जनजाति १२.८० %, दलित ४.०६% र चुरौटे ०.०४ % रहेको छ । **(तालिका १४ र १५ हेर्नुस् )**

समग्र मधेसको जनसंख्या १,१०,५६,२९४ मध्ये सबै खाले मधेसी समुहहरुको कूल जनसंख्या ७०,४२,१०० र सबै पहाडी जातीय समुहहरुको कूल जनसंख्या ४०,१४,१९४ छ । यी दुबै संख्या मधेसको कूल जनसंख्याको क्रमशः ६३.६९% र ३६.३१% हुन आउंछ । **(तालिका १६ हेर्नुस् )** यस अनुसार उल्लेखित २० जिल्लामा मधेसी मूलका मानिसहरुको जनसंख्या ७०,४२,१०० नेपाल अधिराज्यको जनसंख्याको ३०.४२% हो । पहाडी मूलका मानिसहरुको बसोबासको ठुलो संख्या अझै पनि मधेसका २० जिल्ला भन्दा बाहिर रहेको देखिन्छ । मधेसका २० जिल्लामा पहाडी मूलका मानिसहरुको संख्या ४०,१४,१९४ नेपालको कूल जनसंख्याको १७.३४% हो । यस बिश्लेषण अनुसार नेपालमा मधेसीहरुको कूल

जनसंख्या ३०.४२% नै हो भनि हाल्ने अवस्था छैन । यस संख्यामा सामान्य बृद्धि हुन सक्दछ । किनभने मधेसका यी २० जिल्लाका अतिरिक्त पनि भित्री मधेसका उदयपुर तथा सिन्धुली जस्ता जिल्लाहरु छन् जहां उल्लेख्य संख्यामा मधेसी मूलका मानिसहरुको परम्परागत बसोबास छ । उदयपुर जिल्लाको जनसंख्या २,८६,६८३ भएकोमा त्यहां मधेसी मूलका मानिसहरुको संख्या ३७,४०९ रहेको छ । यो संख्या जिल्लाको कूल जनसंख्याको १३% हो । यसरी नै विगत केही दशक देखि मुलुकको राजधानी काठमाण्डौंमा मधेसी मूलका मानिसहरुको बसोबासमा बृद्धि देखिएको छ । यस मध्ये धेरैजसो परिवारहरुको लगत मधेस र राजधानी गरि दोहोरो नभै राजधानीमा मात्र रहेको छ । यस बिश्लेषणमा भित्री मधेसका मधेसी जनसंख्या र राजधानीका रैथाने हुन पुगेका मधेसीहरुको जनसंख्यालाई समावेश गरिएको छैन । विवादहिन रुपमा श्री ५ को सरकारले मधेस भनी किटान गरेका २० वटा जिल्लाहरुका आधिकारिक जनसंख्या र तथ्यांकलाई मात्र आधार मानिएको छ ।

नेपाल अधिराज्यको जनगणनामा अझै पनि धेरै जात जातिहरुको यथार्थ सामाजिक संरचनाको तथ्यांक स्पष्ट हुन सकेको छैन । पछिल्लो सन् २००१ को जनगणनामा अपेक्षाकृत रुपमा बढी संख्यामा जात जातिहरुको सामाजिक तथ्यांक स्पष्ट पारिए तापनि मुलुकको कूल जनसंख्यामा अज्ञात दलित तथा अज्ञात जात जातिहरुको संख्या ४,०५,०४२ रहेको छ । यो मुलुकको कूल जनसंख्याको १.७८ % हुन आउंछ । वास्तवमा यो उच्च प्रतिशत नै हो र यसले मुलुकको जनसंख्याको सामाजिक संरचनामा जनगणनाले अझै यथार्थ निष्कर्ष दिन नसकेको पुष्टि हुन्छ । यसको स्वभाविक प्रभाव यस बिश्लेषणमा पनि परेको छ । समग्र मधेसको जनसंख्यामा १,७४,४०० मानिसहरुको जातीय विवरण स्पष्ट हुन सकेको छैन । यो मधेसको कूल जनसंख्याको १.५८% हो । समग्र मधेसको जनसंख्यामा अज्ञात मधेसी तथा अज्ञात पहाडी समुहहरुको जनसंख्याको क्रमशः १.१४ % र ०.४४ % रहेको छ । **(तालिका १४ र १५ हेर्नुस्** ) यस अध्यायमा जनसंख्याको सामाजिक संरचनागत बिश्लेषणको आधार मुलुकको आधिकारिक जनगणनाको प्रतिवेदनलाई नै मानिएको हुनाले मूल प्रतिवेदनले स्पष्ट नगरेको यस बिषयलाई यथारुप नै राखिएको छ ।

**<u>तालिका नं. १४</u>** विकाशक्षेत्रगत रुपमा मधेसका २० जिल्लाका **मधेसी समुदाय भित्रका** जात, जनजाति, दलित, पिछडावर्ग र मुसलमान समुहको विवरण :

विकाश क्षेत्र :
कूल जनसंख्या :
जातीय समुह र जनसंख्या :
कूल जनसंख्याको प्रतिशत :

| **विकाश क्षेत्र** | **जनजाति** | **दलित** | **पिछडावर्ग** | **मुसलमान** | **जात** | **अज्ञात** |
|---|---|---|---|---|---|---|
| पूर्वांचल | | | | | | |
| ३१८७६९४ | ५८६६३७ | ३४९३३१ | ७२७२३९ | २१५१४० | ३३७५७ | ५९३७९ |
| मध्यमांचल | | | | | | |
| ३९१९८०५ | ३४३६७९ | ५१०७७६ | १५३९४१४ | ४४१५०७ | १०१७१५ | ३२६३९ |
| पश्चिमांचल | | | | | | |
| १७४१२९३ | २२८७१० | १४९१७८ | ४३४९४८ | १७७९६६ | २३२४५ | १४०१४ |
| मध्यपश्चिमांचल | | | | | | |
| १२१३१४० | ४०४८६४ | ३२२५६ | १०२९९९ | ९२४०० | ८५९९ | १०५१४ |
| सुदूरपश्चिमांचल | | | | | | |
| ९९४३६२ | ३५८३९६ | ६७३२ | २९९९५ | ३७३७ | १२०७५ | ९३९३ |
| <u>कूलजनसंख्या</u> | | | | | | |
| ११०५६२९४ | १९२२२८६ | १०४८२७३ | २८३४५९५ | ९३०७५० | १७९३९१ | १२५९३९ |
| **%** | **१७.३९** | **९.४८** | **२५.६४** | **८.४२** | **१.६२** | **१.१४** |

**<u>तालिका नं. १५</u>** विकाशक्षेत्रगत रुपमा मधेसका २० जिल्लाका पहाडी समुदाय भित्रका जात, जनजाति, दलित र चुरौटे समुहको विवरण :

| **विकाश क्षेत्र** | **जनजाति** | **दलित** | **चुरौटे** | **जात** | **अज्ञात** |
|---|---|---|---|---|---|
| पूर्वांचल | | | | | |
| ३१८७६९४ | ५०३१३९ | ९२९७८ | ३०३७ | ६००४८७ | १६३९५ |
| मध्यमांचल | | | | | |
| ३९१९८०५ | ४४५०६६ | ७७६०५ | १९१ | ४१८७८० | ६९०३ |
| पश्चिमांचल | | | | | |
| १७४१२९३ | २८३४७४ | ७०२२७ | ५८ | ३५८२६१ | २२१२ |
| मध्यपश्चिमांचल | | | | | |
| १२१३१४० | १२६६४२ | ८८४६७ | ४२९ | ३४३२११ | २६५९ |
| सुदूरपश्चिमांचल | | | | | |
| ९९४३६२ | ५७०९१ | ११९९९२ | ७ | ३७६५९१ | २०२९२ |
| <u>कूलजनसंख्या</u> | | | | | |
| ११०५६२९४ | १४१५४१२ | ४४९२६९ | ३७२२ | २०९७३३० | ४८४६१ |
| **%** | **१२.८०** | **४.०६** | **०.०४** | **१८.९७** | **०.४४** |

श्रोत : पपुलेशन अफ नेपाल २००१, कास्ट/इथिनिसिटी, मदरटङ् एण्ड रिलिजियन, भोलम १- ५, सि.बि.एस.

**तालिका नं. १६** नेपाल अधिराज्यका मधेसका २० जिल्लाको कूल जनसंख्यामा मधेसी समुदाय भित्रका जात, जनजाति, दलित, पिछडावर्ग र मुसलमान समुहको हिस्सा :

| **मधेसको कूल जनसंख्या** | **समग्र मधेसी जनसंख्या** | **मधेसको कूल जनसंख्याको %** |
|---|---|---|
| १ १० ५६ २९४ | ७० ४२ १०० | ६३.६९ |

**तालिका नं. १७** नेपाल अधिराज्यका मधेसका २० जिल्लाको कूल जनसंख्यामा पहाडी समुदाय भित्रका जात, जनजाति, दलित र चुरौटे समुहको हिस्सा :

| **मधेसको कूल जनसंख्या** | **समग्र पहाडी जनसंख्या** | **मधेसको कूल जनसंख्याको %** |
|---|---|---|
| १ १० ५६ २९४ | ४० १४ १९४ | ३६.३१ |

श्रोत : पपुलेशन अफ नेपाल २००१, कास्ट/इथिनिसिटी, मदरटङ् एण्ड रिलिजियन, भोलम १- ५, सि.बि.एस.

# अध्याय - चार

## राष्ट्रिय मूलधारमा मधेसको योगदान

नेपालको आर्थिक विकासमा मात्र होईन मुलकको समग्र विकाशमा मधेसले महत्वपूर्ण योगदान दिई आएको छ । कृषि, उद्योग, पर्यटन, शिक्षा, मानव संशाधनका जस्ता क्षेत्रहरुमा मधेसको योगदानको आकलन बिना राष्ट्र विकासको मानक तयार गर्न सकिदैन । नेपालको समग्र विकाशमा क्षेत्रगत रुपबाट मधेसको योगदानका वारेमा श्री ५ को सरकारले कुनै स्पष्ट विवरण सार्वजनिक नगरेपनि बिभिन्न स्वतन्त्र क्षेत्रले निकालेको निष्कर्ष अनुसार देशका कृषिभुमिको ६० प्रतिशत जग्गा मधेसमा छ । साथै कूल कृषि उत्पादनमा झण्डै ६०% योगदान मधेसको छ । कूल राष्ट्रिय उत्पादन (GDP) को ६५% अंश मधेसको रहेको छ । सरकारकै दीर्घकालिन कृषियोजना (APP) अनुसार हाल मधेसको कृषियोग्य १० लाख हेक्टर जग्गा स्थानीय कृषकहरुको हातमा छ । सरकारले उपयुक्त लगानी र प्रबन्ध गरेमा यसबाट पुरै मुलुकको कृषि खपतको आवश्यकता पुरा हुनसक्नेछ । वर्तमानमा नेपालका तीन मुख्य बालीहरु धान, मकैं र गहुंको अध्ययन गर्दा पुरै मुलुकको उत्पादन (४,२१६,४६५ मे.टन) को तुलनामा मधेसमा हुने उत्पादन क्रमशः धान ३१,८०,६७२ मे.टन (७५.४४%), गहुं ६,९६ ४३६ मे.टन (६०.१५%) र मकैं ३,२२,७६५ मे.टन (२१.७५%) रहेको छ । **(हेर्नुस् तालिका नं.१८)**

देशको कूल औधोगिक उत्पादनमा मधेसको योगदान ७२% छ । मुलुकको कूल औद्योगिक प्रतिष्ठानको तुलनामा मधेसमा ४९% प्रतिष्ठानहरु रहेका छन् । साथै सरकारी राजस्वको कूल ७६% अंश मधेसमा रहेको कृषि, व्यापार, उधोग र त्यहां अवस्थित भंसारबाट प्राप्त भइरहेको छ ।

नेपालको विदेश व्यापारका सबै प्रमुख नाका तथा पारवहन बिन्दुहरु मधेसमा नै रहेका छन् । काठमाण्डौं उपत्यका र हेटौडा र पोखराका वाहेक प्रायः सबै औधोगिकक्षेत्रहरु मधेसमा छन् । यसका साथै धार्मिक पर्यटनका दुई प्रमुख केन्द्रहरु लुम्बिनी तथा जनकपुर मधेसमा छन् । यसको साथै आरक्षहरु मध्ये, कोशीटप्पु वन्यजन्तु आरक्ष, पर्सा वन्यजन्तु आरक्ष, चितवन राष्ट्रिय निकुञ्ज, शाही वर्दीया राष्ट्रिय निकुञ्ज तथा शाही शुक्लाफाटा वन्यजन्तु आरक्ष मधेसमै रहेको छ ।

सन् २००० को तथ्यांक अनुसार नेपालमा जम्मा ५८ वटा शहरी क्षेत्रहरु छन् । यस मध्ये २९ वटा मधेसमा रहेको छ । जस्मा केहि अपवादका वाहेक सबै शहरी केन्द्रहरुको जनसंख्या कम्तिमा पनि २० हजार देखि २ लाख सम्म रहेको छ । मधेसका २० जिल्लाहरुमा प्रायसः सबै जिल्लाहरुको जनसंख्या ३ लाख ५० हजार देखि ६ लाख ५० हजार सम्म रहेको छ । (**हेनुस् नेपाली मधेसीका समस्या : चार विचार,** CPMHR, **बि.सं.२०६०)**

मुलुकको विकासको मेरुदण्डको रुपमा सर्वस्वीकार्य शिक्षाका प्रायसः अधिकांश महत्वपूर्ण केन्द्रहरु मधेसमा नै रहेको छ । त्रिभुवन विश्वविद्यालयका अधिकांश आंगिक कलेजहरुका अतिरिक्त पूर्वाञ्चल विश्वविद्यालय, महेन्द्रसंस्कृत विश्वविद्यालय र प्रस्तावित रामपुर कृषि विश्वविद्यालय, प्रस्तावित महर्षि जनक विश्वविद्यालयहरु मधेसमै स्थापना हुने क्रममा छन् । यसको साथै प्रमुख मेडिकल कलेजहरु सुन्सरीको धरान, सप्तरीको राजविराज (निर्माणाधिन) तथा धनुषाको महेन्द्रनगर, चितवनको भरतपुर, बांकेको नेपालगंजमा तथा धेरै जसो इंजिनीयरिंग कलेजहरु मधेसमै छन् ।

पूर्व पश्चिम राजमार्गको लम्बाई १००० कि.मि. रहेको छ । गलत र मधेस प्रतिको नकारात्मक पूर्वाग्रहका कारणले मधेसका घना बस्तीहरुलाई नछुन दिने गरि यस राजमार्गको योजना बनाईतापनि हाल सुदुर पश्चिमका २२ वटा निर्माणाधिन पुल तथा महेन्द्रनगर देखि टनकपुर बीचको १३ कि.मि.को खण्डमा कालोपत्र भएपछि नेपालको पूर्व र पश्चिमलाई जोड़ने महेन्द्र-राजमार्ग सबै भन्दा छोटो बाटो र अर्थव्यवस्थाको मेरुदण्ड हुनेछ, जुन पुरै मधेसमा छ । भारतका बाहेक नेपाललाई समुन्द्रसंग जोडने अर्को बैकल्पिक मार्ग काकडभिट्ा फुलबारी मार्ग पनि मधेसमै पर्दछ । यसै गरि हवाई यातायातको सन्दर्भमा काठमाण्डौ र पोखरा वाहेकका अरु सबै सुविधा सम्पन्न र आर्थिक रुपबाट संभाव्य हवाई मैदानहरु मधेसमै रहेका छन् । भविष्यमा चल्नसक्ने जलमार्ग र रेलमार्गको संभावना पनि मधेसमा मात्र छ र हाल मुलुकको एकमात्र सुख्खा बन्दरगाह पनि मधेसमा नै रहेको छ । नेपालको मधेस क्षेत्रमा रहेका विकाशका पूर्वाधारहरुको समुचित प्रयोग र परिचालन गरेर समग्र देशकै सम्पन्नतालाई बढाउन सकिन्छ । यद्यपि यसका लागि मधेसलाई हेर्ने शासकीय दृष्टिकोणमा परिवर्तन हुनु आवश्यक छ ।

**तालिका नं.१८** मधेसका जिल्लाहरुमा मुख्य कृषि उत्पादन : धान, गहुं र मकैं (मे. टनमा)

नेपालमा सरकारी तथ्यांक अनुसार सन् २००० २००१ मा धानको उत्पादन ४,२१६,४६५ टन, मकैंको उत्पादन १,४८४,११२ टन र गहुंको उत्पादन १,१५७,८६५ टन अनुमानित थियो ।
जिल्ला :
मुलुकको कूल उत्पादनको %

| जिल्ला | धान/मात्रा | % | गहुं/मात्रा | % | मकै/मात्रा | % |
|---|---|---|---|---|---|---|
| १.बांके | ९०२०३ | २.१४ | २१७२५ | १.८८ | २०४०० | १.३८ |
| २.बारा | १८१९३० | ४.३१ | ६४७१४ | ५.५९ | ५६०० | ०.३८ |
| ३.बर्दीया | १०५२२७ | २.४९ | ३६०५२ | ३.१२ | १८२६६ | १.२३ |
| ४.चितवन | १०३८३० | २.४७ | १२७५० | १.१० | ६१२७५ | ४.१३ |
| ५.दांग | ११३५३९ | २.६९ | २६२८९ | २.२७ | ४३१०० | २.९० |
| ६.धनुषा | १७५५६० | ४.१७ | ४३२०० | ३.७३ | ४७५० | ०.३२ |
| ७.झापा | २९२८५८ | ६.९५ | २८७५० | २.४८ | ३८१९० | २.५८ |
| ८.कैलाली | १३८९१५ | ३.२९ | ३६००० | ३.११ | १९१०० | १.२९ |
| ९.कंचनपुर | १०७३४५ | २.५५ | ४६२०० | ३.९९ | १०६१५ | ०.७२ |
| १०.कपिलबस्तु | १७२५५५ | ४.०९ | २९८९१ | २.५८ | १६०४ | ०.१० |
| ११.महोत्तरी | १३१३०० | ३.१२ | २९७५० | २.५७ | ६२०१ | ०.४२ |
| १२.मोरंग | २९४५०० | ६.९९ | ३२२०० | २.७८ | २५३८० | १.७१ |
| १३.नवलपरासी | १३०९५५ | ३.१० | ४२७५० | ३.६९ | १५८०० | १.०७ |
| १४.पर्सा | १४७७१६ | ३.५० | ४००९० | ३.४६ | १११८० | ०.७५ |
| १५.रौतहट | १२८१२५ | ३.०४ | २४८०० | २.१४ | ६०३० | ०.४० |
| १६.रुपन्देही | २०४९०६ | ४.८६ | ४५८१५ | ३.९६ | ६०० | ०.०४ |
| १७.सप्तरी | १९२८१० | ४.५८ | ३२४०० | २.७९ | ३६०० | ०.०५ |
| १८.सर्लाही | ११४७४३ | २.७२ | ४२३३६ | ३.६६ | १८४९१ | १.२५ |
| १९.सिरहा | १६८२७५ | ३.९९ | २८७८० | २.४९ | २९४० | ०.१९ |
| २०.सुनसरी | १८५३८० | ४.३९ | ३१९४४ | २.७६ | ९६४३ | ०.६५ |
| **जम्मा** | ३१,८०,६७२ | **७५.४४** | ६,९६,४३६ | **६०.१५** | ३,२२,७६५ | **२१.७५** |

श्रोत :म्यापिंग नेपाल सेन्सस इंडिकेटर २००१ एण्ड ट्रेण्ड, श्री ५ को सरकार, तथ्यांक विभाग, इसिमोड, एस.एन.भी., सन् २००३

## मधेसीहरुको खस्कदो जीवनस्तर

नेपालको अर्थव्यवस्थामा र सामाजिक विकाशमा मधेसको महत्वपूर्ण योगदान रहेको छ । तर यस अनुरुप मधेसको विकाशमा लगानीको दर उत्साह जनक छैन । विगत केहि बर्षहरुका मुलुकको बार्षिक बजेटको क्षेत्रगत लगानीको बिश्लेषण गर्दा बिभिन्न जिल्लाहरुमा विकाश निर्माणका कार्यक्रममा छुट्याईएको रकम मध्ये मधेसमा ३०-३५% र पहाडमा ६०-६५% रकम बिनियोजन गर्ने गरिन्छ । जबकि विकाशमा लगानीको प्रतिफल पहाडको तुलनामा मधेसमा ज्यादै बढी रहेको छ । मुलुकमा बजेटको बांडफांट तथा राष्ट्रिय लगानीको यस प्रकारको दृष्टिकोणले गर्दा मधेसका जिल्लाहरुको आर्थिक रुपमा सक्रिय (economically active, those persons who had worked or who had sought employment for a total of at least six months during the year) मा उल्लेखनीय गिरावट आएको छ । स्वयं श्री ५ को सरकार, नेपाल स्थित संयुक्त राष्ट्र संघीय एकमात्र निकाय इसिमोड र नेदरल्याण्ड्स डेभेलपमेन्ट अर्गनाइजेशनले संयुक्तरुपमा गरेको अध्ययन अनुसार पहाडका कतिपय जिल्लाहरुको तुलनामा मधेसका जिल्लाहरुका आर्थिक सक्रियताको दर अत्यन्तै न्यून रहेको देखिन्छ । नेपालमा समग्रमा १० बर्ष भन्दा माथीका उमेरका ५८.२१% मानिसहरु आर्थिक रुपमा सक्रिय रहेका छन् । यस अध्ययन अनुसार आर्थिक रुपमा सक्रिय मानिसहरुको राष्ट्रिय मानपदण्ड ५८.२१% भन्दा मुनी रहेका कूल २६ जिल्लाहरु मध्ये मधेसका १३ वटा जिल्लाहरु बारा ४७.४२%, बर्दीया ५५.८५%, चितवन ५२.२८%, दांग ४९.८६%, धनुषा ५२.५१%, झापा ५३.०१%, महोत्तरी ५३.८०%, मोरंग ५७.२९%, पर्सा ५४.७९%, रुपन्देही ४७.८६%, सप्तरी ५३.६५%, सर्लाही ५७.२०%, सिरहा ५३.४५% र सुनसरी ५१.३९% रहेको छ ।

## **मधेसी महिलाको अवस्था**

नेपालमा समग्रमा महिलाहरुको अवस्था अत्यन्तै पिछडिएको छ । मुलुककै महिला साक्षरता दर ४२.८% रहेको छ । यस अनुपातमा मधेसका जिल्लाहरुमा महिलाहरुको साक्षरता दर कम रहेको छ । मधेसका जिल्लाहरुमा अपेक्षाकृत बढी पहाडी मूलका जनसंख्या भएको जिल्लाहरुमा (चितवन ६३.०%, झापा ५८.८%, सुनसरी ५०.३%, कंचनपुर ४७.२%, दांग ४६.९% र मोरंग ४६.८%) महिला साक्षरता दरले राष्ट्रिय औसतलाई नाघेको छ । जबकि मधेसी मूलका बढी जनसंख्या भएका जिल्लाहरु मध्ये बारामा २९.१%, बर्दीयामा ३५.९%, धनुषमा ३६.३%, कपिलबस्तुमा २९.५%, महोत्तरीमा २२.४%, पर्सामा २८.२%, रौतहटमा २१.७%, सर्लाहीमा २५.४%, सिरहामा २७.१% र सप्तरीमा ३५.५%, नवलपरासीमा ४०.९% महिला साक्षरता रहेको छ । मधेसका जिल्लाहरु मध्ये बांकेमा ४९.२%, कैलाली ४१.०%, कंचनपुर ४७.२%, रुपन्देहीमा ५५.९% साक्षरता दर रहेको छ ।
यसै गरि मधेसका जिल्लाहरुमा विद्यालय तहमा महिला छात्राको भर्नाको प्रतिशत सन्तोषजनक छैन । सन् २००० को समग्र मुलुकको ४३.३३% को अनुपातमा मधेसको रौतहटमा ३१.३०%, महोत्तरीमा ३२.०%, पर्सामा ३२.५४%, बारामा ३३.२३%, सिरहामा ३३.९५%, सर्लाही ३५.२८%, धनुषामा ३५.६६%,

कपिलबस्तुमा ३५.८२%, सप्तरी ३५.९८%, बांके ४०.६०%, कैलाली ४२.१८%, रुपन्देही ४२.२४%, दांग ४३.२७%, रहेको छ । मधेसका जिल्लाहरु मध्ये राष्ट्रिय औसत नाध्नेमा सुनसरी ४४.६६%, नवलपरासी ४४.७५%, झापा ४७.९८% र चितवनको ४९.१५% रहेको छ ।

## मधेसको घट्दो प्रतिव्यक्ति आय

मधेसको अर्थव्यवस्थालाई ज्ञात तथा अज्ञात ढंगबाट गरिएको उपेक्षाका कारणले साथै मधेसको कृषि क्षेत्रमा सिंचाईको सुविधा विरुतारमा सरकारले देखाएको अनुत्साहले गर्दा मधेसी समुदायको आयमा अत्यन्त कमी आएको छ । मधेसीहरुको प्रति व्यक्ति आय पहाडी मुलका मानिसहरुको तुलनामा कम हुदै गएको छ । तालिका नं.१८ बाट यो कुरा प्रष्ट हुन आउँछ कि नेपालको तराईका निवासीहरूको प्रति व्यक्ति आय हिमाली भूभागका वासिन्दा भन्दा बढी भए पनि पहाडका बासिन्दा भन्दा कम छ । तराईका निवासीहरूको वार्षिक प्रति व्यक्ति आय रू. ७,३२२ भएकोमा यो हिमाली भूभागमा रू. ५,९३८ तथा पहाडमा रू. ८,४३३ रहेको छ ।

**तालिका नं.१९** मधेस र पहाडका मानिसको तुलनात्मक प्रतिव्यक्ति आय

| भौगोलिक क्षेत्र | प्रति व्यक्ति आय (१९९५-९६) रू. |
|---|---|
| हिमाल | ५,९३८ |
| पहाड | ८,४३३ |
| मधेस | ७,३२२ |

श्रोत : नेपाल लिभिंग स्ट्याण्डर्ड सर्भे रिपोर्ट सन् १९९६ रडा.हरिवंश झा, नेपाली मधेसीका समस्या : चार विचार, पृष्ठ ३६, ऋएःज्ञ, बि.सं.२०६०

## रोजगारीको अवस्थामा ह्रास

बिभिन्न अध्ययनहरुका अनुसार नेपालको भौगोलिक क्षेत्रहरूमा सबैभन्दा बढि वेरोजगारीको स्थिति मधेसी भूभागमा रहेको पाइन्छ । मधेसी क्षेत्रहरुमा बेरोजगारीको दर ६.५% भएकोमा, मुलुकको पहाडी क्षेत्रमा यो दर ३.७ % तथा हिमाली क्षेत्रमा २.१% छ । मधेसमा बढि बेरोजगारी हुनुको विभिन्न कारणहरू मध्ये भुमिहिनहरुको संख्यामा बृद्धि हुदै जानु एक प्रमुख कारण हुन् । हालै संयुक्त राष्ट्र संघीय विकाश प्रतिवेदनमा प्रकाशित नेपालको मानव विकाश सुचकांक अनुसार पुरै नेपालमा २४.४४% दलितहरु भुमिहिन भएकोमा भुमिहिन मधेसी दलितहरु ४८.९८% छन् । जबकि पहाडमा १५.३२ % दलितहरु मात्र भुमिहिन छन् । यसरी नै मधेसमा ९.८९% दलितहरु अर्ध भुमिगत छन् भने पहाडमा १५.२४ % भुमिहिन छन् । थोरै मात्र जमीन हुने दलित मधेसमा २६.१९% छन् भने पहाडमा ४४.५५% छन् । यसको अतिरिक्त मधेसका अधिकांश उब्जाउ जग्गामा सिंचाईको सुविधा उपलब्ध नहुनु तथा मरूभूमिकरणमा बृद्धि हुदै जानुले मधेसमा तीव्र रुपमा बेरोजगारीलाई बढाएको छ ।

**तालिका नं. २०** बिभिन्न भौगोलिक क्षेत्रमा बेरोजगारी दरको तुलना

| भौगोलिक क्षेत्र | बेराजगारी दर प्रतिशत |
|---|---|
| हिमाल | २.१ |
| पहाड | ३.७ |
| तराई | ६.५ |

श्रोत : नेपाल लिभिंग स्ट्याण्डर्ड सर्भे रिपोर्ट सन् १९९६/डा.हरिवंश झा, नेपाली मधेसीका समस्या : चार विचार, पृष्ठ ३६, CPMHR, बि.सं.२०६०

## बैदेशिक रोजगारी (रेमिटेन्स) बाट मधेसलाई प्रतिफल

हाल मुलुकमा बैदेशिक रोजगारकालागि मधेसबाट बिदेशिनेहरुको संख्या अत्यन्तै बढ्दो छ । खास गरि मधेसीहरु मात्र काठमाडौंको अतिरिक्त विदेशको श्रम बजारबाट के कति रेमिटेन्स ल्याउंदछन् त्यसको यथार्थ तथ्यांक उपलब्ध छैन । तर Nepal lving Standards Survey Report 1996 मा जनाइए अनुसार जहां तराईमा एउटा व्यक्तिको औसत रेमिन्टेस रू.११,१७८ मात्र छ भने यसको तुलनामा पहाडमा आउने रेमिन्टेस रू.२०,४३९ रहेको पाइन्छ । हिमाली भूभागमा आउने रेमिटेन्सको रकम रू.७,८६२ मधेसको भन्दा कम छ । **(हेर्नुस, डा.हरिवंश झा, नेपाली मधेसीका समस्या : चार विचार, पृष्ठ ३६, CPMHR, बि.सं.२०६०)**

## मधेसमा विद्युतको उपयोग

नेपालमा सरदर ३९.३९% घरधुरीमा विद्युतको आपूर्ति रहेको कुरा सरकारी तथ्यांकले जनाएको छ । सबै भन्दा बढी विद्युत सेवा पुगेको जिल्ला भक्तपुर ९७.३८% हो । मुलुकका सबै जिल्लाका गरि २९ वटा जिल्लामा ३५.०% भन्दा बढी घरधुरीमा विद्युत सेवाको आपूर्ति छ । यस मध्ये मधेसका जिल्लाहरुको संख्या ११ वटा मात्र रहेको छ । यस क्रममा बांकेमा ४८.०३%, बारामा ४३.५७%, चितवनमा ६७.८९%, धनुषामा ४३.८२%, कंचनपुरमा ३७.५६%, मोरंगमा ३५.५६%, नवलपरासीमा ४०.८७%, पर्सामा ४५.४१%, रुपन्देहीमा ६१.३५%, सप्तरीमा ४०.७२% र सुनसरीमा ४२.३७% घरधुरीमा विद्युत सेवा पुगेको छ । मधेसका बर्दीयामा २२.३६%, दांगमा ३३.१८%, झापामा ३२.५६%, कैलालीमा ३१.३०%, कपिलबस्तुमा २७.८९%, महोत्तरीमा २५.०७%, रौतहटमा २५.८९%, सर्लाहीमा २८.४९% र सिरहामा ३१.७४% घरधुरीमा मात्र यो सेवा पुगेको छ ।

## राष्ट्रिय मूलधारमा मधेसको सहभागिता

मुलुकको आर्थिक विकाशको वर्तमान ढांचामा मधेसको महत्वपूर्ण योगदान छदैछ । साथै भावी विकाशको लागि मधेसको विपूल संभावना रहदा रहदै राज्यले मधेसलाई राष्ट्रिय मूलधारमा समावेश हुन दिएको छैन । राज्यका अङ्गहरु व्यवस्थापिका, कार्यपालिका र न्यायपलिकाका साथै राजप्रसाद सेवा, सैनिक संगठन, प्रहरी संगठन, संवैधानिक अङ्गहरु लगायतका राज्यपोषित निकायहरुमा मधेसीहरुको उल्लेख्य सहभागिता एवं प्रतिनिधित्व छैन । विशेष गरी राज्यको नीति निमार्ण गरिने र शक्ति अभ्यास गरिने ठाउँहरुमा मधेसीमूलका मानिसहरुको प्रवेशमा अघोषित प्रतिबन्ध लगाइएको छ । पछिल्लो प्रतिनिधिसभाको सदस्यहरुको तथ्यांक हेर्दा मधेस क्षेत्रको कूल ८० स्थान मध्ये ४१ स्थानमा मात्र मधेसीहरु थिए । बांकी ३९ स्थानमा पहाडी समुदाय कै प्रतिनिधित्व रहेको थियो । माथिल्लो सदन राष्ट्रियसभाका कूल ६० सदस्यमध्ये जम्मा ६ जना मधेसी थिए । प्रजातन्त्रको पुर्नस्थापना पछिको पहलो प्रतिनिधिसभा (बि.सं.२०४८), दोश्रो प्रतिनिधिसभा (बि.सं.२०५१) र तेश्रो प्रतिनिधिसभा (बि.सं.२०५६) मा ३०.८९% जनसंख्या भएको पहाडी जात समुहबाट कमशः ११४ जना (५५.६१%), १२९ जना (६२.९३%) र १२२ जना (५९.५१%) थिए । पहाडी दलित (७.११% जनसंख्या) बाट प्रतिनिधिसभा (बि.सं.२०४८) मा जम्मा १ जना र २२.०४% जनसंख्या भएको पहाडी जनजाति समुहबाट कमशः ३४ जना (१६.५९%), २४ जना (११.७१%) र २८ जना (१३.६६%) थिए ।

जबकि पहलो प्रतिनिधिसभा (बि.सं.२०४८), दोश्रो प्रतिनिधिसभा (बि.सं.२०५१) र तेश्रो प्रतिनिधिसभा (बि.सं.२०५६) मा १५.२४% प्रतिशत जनसंख्या भएको मधेसी जात समुहबाट कमशः १८ जना (८.७८%), २२ जना (१०.७३%) र २९ जना (१४.१५%) थिए । मधेसी दलित समुहबाट तीनवटै प्रतिनिधिसभा (बि.सं.२०४८, २०५१ र २०५६) मा एकजनाको पनि उपस्थिति हुन सकेन । यसै गरि ८.११% जनसंख्या भएको मधेसी जनजाति समुहबाट कमशः १८ जना (८.७८%), १४ जना (६.८३%) र १० जना (४.८८%) मात्र थिए । उपरोक्त तीनवटै प्रतिनिधिसभामा ४.२७% जनसंख्या भएको मधेसी समुहका मुसलमानहरु कमशः ५ जना (२.४३%), ४ जना (१.५९%) र २ जना (०.९७%) मात्र चुनिन सकेका थिए । **(राज्यको पुनर्संरचना एक प्रस्ताव, नेपाल समसामयिक अध्ययन केन्द्र,पृष्ठ ९, २०६१)**

**तालिका-२१** प्रतिनिधिसभा २०५६ र राष्ट्रियसभा २०५६ मा संसदमा रहेका दलहरुमा मधेसी प्रतिनिधित्व :

| राजनीतिक दल | कूल सदस्य संख्या | | प्रतिनिधि सभा | | राष्ट्रिय सभा | | मनोनित | |
|---|---|---|---|---|---|---|---|---|
| | प्र.सभा | रा.सभा | पहाडी | मधेसी | पहाडी | मधेसी | | मधेसी |
| नेपाली कांग्रेस | ११३ | २४ | ९० | २३ | २१ | ३ | | |
| नेकपा एमाले | ६९ | २० | ४९ | १० | १९ | १ | | |
| राष्ट्रिय प्रजातन्त्र पार्टी | ११ | ५ | | ४ | | ० | | |
| नेपाल सदभावना पार्टी | ५ | १ | १ | ४ | | १ | | |
| राष्ट्रिय जनमोर्चा नेपाल | ५ | ० | | ० | | ० | | |
| ने.म.कि.पा. | १ | ० | | ० | | ० | | |
| संयुक्त जनमोर्चा नेपाल | १ | ० | | ० | | ० | | |
| राजाबाट मनोनित | १० | | | | | १ | | १ |

नोटः नेकपा एमालेका ३ जना रा.सभा सदस्य पछि नेकपा माले मा संगठित भएको यसै गरि रा.प्र.पा. का २ जना रा.सभा सदस्य पछि रा.प्र.पा. चन्दमा संगठित भएको ।

मुलुकको न्यायपालिकाको सर्वोच्चनिकाय सर्वोच्च अदालतमा जम्मा दुईजना मधेसी मूलका न्यायाधिश छन् । संबैधानिक अंगहरुमा मधेसीहरुको प्रतिनिधित्व नगण्य छ । सन् १९९९ को तथ्यांक अनुसार सबै संबैधानिक अंगहरुमा गरि जम्मा ३ जना मात्र मधेसीहरु थिए । सबै भन्दा पछिल्लो शेरबहादुर देउवाको मंत्रीमण्डलमा मधेसका जम्मा ४ जना मंत्रीहरु छन् (यस सरकारमा ने.स.पा. बाट १ जना मंत्री, ने.का. प्रजातान्त्रिकबाट १ जना, ने.क.पा. एमालेबाट १ जना सहायक मंत्री र रा.प्र.पा. बाट १ जना सहायक मंत्री छन्) । परराष्ट्र सेवाका राजदूतमा मधेसका जम्मा एकजना (परराष्ट्र सेवाका कर्मचारी) छन् ।

श्री ५ को सरकार, सामान्य प्रशासन मंत्रालय, निजामति किताबखानाबाट उपलब्ध बि.सं. २०६० अषाढ सम्मको तथ्यांक अनुसार मुलुकको सम्पूर्ण निजामति सेवा (सरकारी सेवा) मा हाल सबै तहका गरि ९९,३७८ जना कर्मचारीहरु छन । **(हेर्नुस् तालिका नं.२२)** यस मध्ये महिलाहरु जम्मा ८.७५% मात्र छन् । मधेसीहरुको संख्या नगण्य भन्दा केहि मात्र बढी रहेको छ । नेपालमा सरकारी सेवामा प्रवेशकालागि एकमात्र माध्यम लोकसेवा आयोग नै हो । सबैखाले सरकारहरु तथा लोकसेवा आयोगले सरकारी सेवामा जातीय विभेद तथा पक्षपातको आरोपलाई अस्वीकार गर्ने गरेका छन् । तर बिभिन्न प्रतियोगितात्मक प्रतिस्पर्धामा अब्बल हुने मधेसी मूलका मानिसहरु के कति कारणले सरकारी सेवामा प्रवेश पाउन सक्तैनन्, यसको समुचित जवाफ मधेसीहरुले पाईरहेका छैनन् ।

**<u>तालिका नं. २२</u>** नेपालका निजामति कर्मचारी संख्या

| क.सं. | पद र तह | प्रशासन/संख्या | प्राविधिक/संख्या |
|---|---|---|---|
| | **राजपत्रांकित** | | |
| १. | सचिव | ४९ | ०० |
| २. | बिशिष्ट तह | ०० | ०३ |
| ३. | सह सचिव | २१९ | ४५२ |
| ४. | उप सचिव | १०३९ | १६७६ |
| ५. | शाखा अधिकृत | २६०२ | ४८८९ |
| | **राजपत्र अनंकित** | | |
| ६. | प्रथम श्रेणी | ७१४३ | ११०८२ |
| ७. | व्दितीय श्रेणी | १२२५९ | १२२०४ |
| ८. | तृतीय श्रेणी | ३८२७ | ८४६४ |
| ९. | चतुर्थ श्रेणी | १२७ | १२२३ |
| १०. | सवारी चालक | | १८०४ |
| ११. | पियन वा सो सरह | | २७९६९ |

श्रोत : श्री ५ को सरकार, सामान्य प्रशासन मंत्रालय, २०६०,अषाढ
नोट : आ.ब.२०६० ६१ मा केहि दरबन्दीमा कटौती भएको हो ।

नोभेम्बर २९, सन् २००३ मा नेपाली विद्यार्थीहरुका लागि भारत सरकारको परराष्ट्र मंत्रालयले ईंजिनीयरिंग (BE) बिषयमा छात्रवृतियुक्त प्रवेशका लागि कामाण्डौंमा लिएको लिखित परिक्षामा ५० जनामा १८ जना मधेसी विद्यार्थीहरुले सफलता पाए । यसै गरि सन् २००४ को सत्रमा चिकित्सा शास्त्र, स्नातक ( MBBS) मा भर्नाका लागि वी.पी. कोइराला स्वास्थ्य बिज्ञान प्रतिष्ठान, धरानको खुला प्रतियोगिता परीक्षामा उतीर्ण भएका ३० जना मध्ये १७ जना मधेसी मूलका विद्यार्थीहरुले सफलता पाए । यसरी शैक्षिक क्षेत्रका सबैभन्दा कडा र निष्पक्ष मानिने प्रतियोगितात्मक परीक्षाहरुमा मधेसका मानिसहरुको सफलताको प्रतिशत राम्रो रहेको देखिन्छ । यद्यपि मधेसी मूलका मानिसहरु सरकारबाट संचालित सेवासंग सम्बन्धित परीक्षाहरुमा सफलता पाउन सक्दैनन् । हालै २०६१, असार ९ गते लोकसेवा आयोग पूर्वांचल कार्यालय, मध्यमांचल कार्यालय, सगरमाथा अंचल कार्यालय, जनकपुर अंचल कार्यालय, राप्ती अंचल कार्यालय र महाकाली अंचल कार्यालयले न्यायसेवा, लेखा र प्रशासन समुहको खरिदार (रा.प.अनंकित,व्दितीय तह) को लिखित परीक्षाको नतिजा प्रकाशित गरेको छ । यो विज्ञापन ८६ जना कर्मचारीको पदपूर्तिको लागि गरिएको थियो । यसमा जम्मा ३२,५७० जना लिखित परीक्षामा सामेल भएका थिए, जसमध्ये १७३ जनाले लिखित परीक्षा उतीर्ण भए । १७३ जनामा जम्मा १ जना मधेसी मूलका मानिस उतीर्ण भए । **(हेर्नुस् तालिका नं.२३)**

**तालिका नं.२३** लोकसेवा आयोगको परीक्षामा मधेसीहरुको उतीर्णताको स्थिति-१

| विज्ञापित पद | पदको माग संख्या | लि.प.मा सामेल संख्या | लि.प.मा उतीर्ण संख्या | उतीर्ण मधेसी संख्या |
|---|---|---|---|---|
| **खरिदार** **राप.अनं.व्दितीय** न्यायसेवा सहलेखापाल प्रशासन सेवा | ८६ | ३२५७० | १७३ | ०१ |

श्रोत : लेकसेवा आयोगको आधिकारिक परीक्षाफलको प्रकाशन, गोरखापत्र २०६१, असार ९ गते

वर्तमानमा श्री ५ को सरकारको मंत्रालयहरुका सचिवमा एकजना पनि मधेसी मूलका मानिस छैनन् । नेपाल प्रहरी तथा शसस्त्र प्रहरी बलमा प्रहरी नायब महानिरीक्षक (ए.आई.जी.पी.) ४ जना तथा .......जना डी.आई.जी.मा एकजना पनि मधेसवासी छैनन् । हाल जनपद प्रहरीमा जम्मा ४१ जना एस.एस.पी. मध्ये एकजना पनि मधेसी मूलका छैनन् । यसै गरि जम्मा ८९ जना एस.पी. मध्ये जम्मा ३ जना मात्र मधेसी (जस मध्ये एकजना प्राविधिक ,मेडिकल डाक्टर) छन् । शाही नेपाली सेनामा तल्लो दर्जाका अधिकृत तहसम्ममा मधेसका मानिसहरु छैनन् । पछिल्लो स्थानीय निकायका निर्वाचित सबै जिल्ला विकास समितिको सभापति, उप सभापति तथा सबै नगरपालिकाका प्रमुख र उप प्रमुख गरि कूल १९१ जना मध्ये ३१ जना मात्र मधेसका थिए ।

लोकसेवा आयोगको ३८औं प्रतिवेदन अनुसार आ.व. २०५३/५४ तथा २०५४/५५ को शाखाअधिकृत तहको खुला विज्ञापनमा मधेसका दुईजात थारु र मुसलमानबाट क्रमशः २१८ र ६० जनाले निवेदन दिएकोमा थारुबाट ७ र मुसलमानबाट २ जना मात्र उतीर्ण भएका थिए । लोकसेवा आयोगको ४३ औं बार्षिक प्रतिवेदन (२०५७ साउन-२०५८ अषाढ) अनुसार आयोगले २०५६/०५७ मा राजपत्र अनंकित व्दितीय श्रेणीको पदकालागि ७४ वटा विज्ञापन गरेको थियो । प्रशासन, संसद, न्याय, लेखा, राजस्व, हुलाक जस्ता सेवाका लागि गरिएको यस विज्ञापनमा ३८,८८२ जनाले दरखास्त दिएका थिए । यस मध्ये लोकसेवा आयोगले अन्तिम रुपमा ७२७ जनालाई नोकरीको लागि सिफारिश गर्‍यो । यसमा पहाडी समुहका बाहुन तथा क्षेत्रीले ३४,३५१ जना दरखास्त दिएकोमा ७०९ जना उतीर्ण भए । मधेसी समुहका सबै भाषाभाषीहरुबाट दरखास्त दिनेको संख्या २,३१६ जना थियो, यस मध्ये जम्मा ३ जनालाई आयोगले नोकरीकोलागि सिफारिश गर्‍यो । नेवारबाट ७९२ जनाले दरखास्त दिएकोमा जम्मा ४ जना उतीर्ण भए । **(हेर्नुस् तालिका नं. २४)**

जनप्रशासनविद् डा. मधुनीधि तिवारीले उल्लेख गरेको स्रोतअनुसार आ.व. ०४५/४६ मा नेपालका २५०० अधिकृततहका निजामतिकर्मचारीमा पहाडी बाहुनको संख्या २३३०, पहाडी क्षेत्रीको संख्या १२७७, नेवार ७३५ जना र सबैप्रकारका मधेसीहरुको कूलसंख्या २५९ जना मात्र थियो । केहि अघिका यी तथ्यांकहरुले नै नेपालको सरकारीसेवा लगायत राज्यसत्ताका विभिन्न निकायहरुमा मधेसीहरुको प्रतिनिधित्वको दारुण स्थितलाई प्रमाणित गर्दछ ।

**तालिका-२४**लोकसेवा आयोगको परीक्षामा मधेसीहरुको उतीर्णताको स्थिति-२

| **विज्ञापन बर्ष**<br>०५६/०५७<br>**सिफारिश बर्ष**<br>०५७/०५८<br>**विज्ञापित पद**<br>रा.अनं. व्दितीय<br>नासु, खरिदार<br>मातृभाषा समुह | **दरखास्त दिनेको संख्या** | **उतीर्ण/सिफारिको संख्या** |
|---|---|---|
| १. नेपाली | ३४३५१ | ७०९ |
| २.नेपालभाषा/नेवारी | ७९२ | ०४ |
| ३.गुरुंग | ३६ | ०० |
| ४.राई / किरात | ३०७ | ०३ |
| ५.लिम्बु | ९२ | ०० |
| ६.तामांग | २२६ | ०३ |
| ७.सुनवार | १३ | ०० |
| ८.भोटे शेर्पा | ०४ | ०० |
| **मधेसी समुह** | | |
| ९.मैथली | १२१२ | ०१ |
| १०.भोजपुरी | ६३५ | ०० |
| ११.थारु | ३७६ | ०२ |
| ११.अवधि | ६३ | ०० |
| १२.उर्दु | ०९ | ०० |
| १३.राजवंशी | २१ | ०० |

श्रोत : लोकसेवा आयोगको बार्षिक प्रतिवेदन (२०५७/२०५८)

**तालिका- २५** मंत्रीपरिषद,संबैधानिक र सरकारी उच्च पदाधिकारीमा मधेसीको स्थान :

| पद तथा निकाय | पदाधिकारी संख्या | नियुक्त पदाधिकारी संख्या | मधेसीको संख्या |
|---|---|---|---|
| मंत्री परिषद* | सामान्यतः २४ मंत्रालय रहने गरेको | २२ | २ |
| राजपरिषद स्थायी समिति | ८ | ८ | १ |
| न्यायाधिश,सर्वोच्च अदालत | सामान्यतः २१ | १४ | २ |
| संबैधानिक अंगका प्रमुख | ७ | ७ | ० |
| संबैधानिक अंगका सदस्यहरु महालेखा परीषक १,निर्वाचन आयुक्त ४,लोकसेवा सदस्य ४,अख्तियार सदस्य ४ | १३ | १३ | १ ? |
| रा.मानव अधिकार आयोग | ५ | ५ | १ |
| राष्ट्रिय योजना आयोग | ६ | ६ | १ ? |
| राजदूत, महावाणिज्यदूत | २३ | | १ |
| सबै सचिव र क्षेत्रीय प्रशासक समेत | ४९ | ४९ | ० |
| विश्वविद्यालय उपकूलपति | ५ | ५ | ० |
| रोनाष्ट,प्रज्ञा प्रतिष्ठनका उपकूलपति | २ | २ | ० |
| सुरक्षा बलका प्रमुख | ३ | ३ | ० |
| सरकारी विभागीय प्रमुख | ४७ | ४७ | ४ |
| सरकारी संस्थान,समिति प्रमुख | ५६ | ५६ | ४ |
| सरकारी संचार प्रमुख | ४ | ४ | ० |
| संसदीय पदाधिकारी सभामुख,उपसभामुख र संसदीय समितिका सभापतिहरु | १५ | १५ | ३ |

नोट : उपरोक्त टेबुलमा *केहि अघि निर्वाचित सरकारको गिरिजाप्रसाद कोइराला मंत्रीमंडलको २५ सदस्य मध्ये जम्मा ४ जना मधेसी मूलका थिए। माथीको तालिकामा राजाबाट बि.सं. २०५९, असोज २५ गते (वि.सं. २०५९, मंसीर २ गतेको पुर्नगठन समेत गरि) का दिन गठन गरिएको तथ्यांकलाई समावेश गरिएको छ। यस वाहेकका सर्वोच्च अदालत र सचिवको तथ्यांक २०६०, अषाढका हुन्। अन्य सबै तथ्यांकहरु वि.सं. २०५९,असोज १८ गते लगत्तै पहिलेका हुन्।

नेपालको निजामति प्रशासनमा आउने कयौं बर्षहरुसम्म मधेसी मूलका मानिसहरु अपवादका बाहेक सचिव तथा विभागीय प्रमुखसम्मको तहमा पुग्न सक्दैनन् । बि.सं. २००७ साल देखि हालसम्ममा ३ जना क्याबिनेट सेकेटरी तथा १५ जना श्री ५ को सरकारको मुख्य सचिव मध्ये एकजना पनि मधेसी मूलकाले सो पदमा जान पाएका छैनन् । हाल मुलुकको निजामति प्रशासन सेवामा राजपत्रांकित प्रथम श्रेणीको पदमा १७८ जना कर्मचारी छन् । यसमध्ये मधेसी मूलका जम्मा २ जना छन् । यसै गरि राजपत्रांकित प्रथम श्रेणीका प्राविधिक कर्मचारीको संख्या १५८ रहेको छ । यस मध्ये मधेसी समुदायबाट जम्मा २३ जना रहेका छन् । यसै गरि राजपत्रांकित दोश्रो श्रेणीका प्रशासनिक सेवाका कर्मचारीहरुको संख्या ४५० जना रहेकोमा यसमध्ये मधेसी कर्मचारीहरुको संख्या मात्र १२ जना छ । लेखा समुहका राजपत्रांकित दोश्रो श्रेणीका ८२ जना कर्मचारी मध्ये मधेसीको संख्या १ जना छ । यसै गरि राजस्व समुहका दोश्रो श्रेणीका ७१ जना मध्ये मधेसी मूलका कर्मचारीको संख्या जम्मा ३ जना रहेको छ । हुलाक सेवाका प्रशासन राजपत्रांकित दोश्रो श्रेणीका २५ जना कर्मचारीमा जम्मा १ जना मधेसी छन् ।

**तालिका नं. २७ :** श्री ५ को सरकार निजामति सेवा तथा दुई सर्वाधिक राजस्व दिने सरकारी संस्थान एवं सरकारको केन्द्रीय बैंकमा मधेसीहरुको स्थान

| कर्मचारीको तह | दरबन्दीको संख्या | पदस्थापितहरुको संख्या | मधेसीको संख्या |
|---|---|---|---|
| **निजामति सेवा** | | | |
| प्रथम श्रेणी प्रशासन | १९७ | १७८ | २ |
| प्रथम श्रेणी प्राविधिक | ३७९ | १५८* | २३ |
| व्दितीय श्रेणी प्रशासन | ९५७ | ४५० | १२ |
| व्दितीय श्रेणी लेखा समुह | उपलब्ध भएन | ८२ | १ |
| व्दितीय श्रेणी राजस्व समुह | उपलब्ध भएन | ७१ | ३ |
| व्दितीय श्रेणी, प्रशासन, हुलाक समुह | उपलब्ध भएन | २५ | १ |
| **प्रमुख संस्थान/राष्ट्र बैंक** | # | | |
| नेपाल बिद्युत प्राधिकरण<br>महामनिर्देशक<br>१२ तह<br>११ तह<br>१० तह | <br>१<br>७<br>२२<br>५५ | <br>१<br>७<br>२२<br>५५ | <br>०<br>१<br>४<br>४ |
| नेपाल टेलिकम<br>महानिर्देशक<br>उप महानिर्देशक<br>प्रबन्धक/निर्देशक | <br>१<br>७<br>३६ | <br>१<br>६<br>३६ | <br>०<br>१<br>५ |
| नेपाल राष्ट्र बैंक<br>गभर्नर<br>डेपुटी गभर्नर<br>कार्यकारी निर्देशक, बिशिष्ठ<br>निर्देशक, प्रथम श्रेणी | <br>१<br>२<br>१५<br>४५ | <br>१<br>२<br>१५<br>४५ | <br>०<br>०<br>०<br>१ |

स्रोत : श्री ५ को सरकार ,सामान्य प्रशासन मंत्रालय, निजामति किताबखाना । **नोट :** उपरोक्त तालिकामा उल्लेखित तथ्यांक बि.सं.२०६०, चैत्रका हुन् । * प्रथम श्रेणी प्रविधिकको कूल दरबन्दीमा स्वास्थ्य मंत्रालयमा कार्यरत मेडिकल डाक्टरहरुको संख्या समेत संलग्न भएको तर पदस्थापितमा मेडिकल डाक्टरको संख्या समावेश गरिएको छैन । # प्रमुख संस्थानहरु तथा राष्ट्र बैंकका तथ्यांहरु २०६१, अषाढ का हुन् ।)

**तालिका - २८ :** न्यायपालिकामा मधेसीहरुको स्थान

| न्यायाधिशको तह | न्यायाधिशको संख्या | नियुक्त न्यायाधिशहरुको संख्या | मधेसीको न्यायाधिशको संख्या |
|---|---|---|---|
| सर्वोच्च अदालत | सामान्यतः २१ | २० | २ |
| पुनरावेदन अदालतहरुको मुख्य न्यायाधिशहरु | १२ | १२ | २ |
| पुनरावेदन अदालतहरुका न्यायाधिशह | ७३ | ७३ | ९ |
| पुनरावेदन अदालतहरुका अतिरिक्त न्यायाधिशहरु | | ३ | २ |
| जिल्ला न्यायाधिशहरु | १३१ | १३१ | ८ |
| राजपत्राकिंत प्रथम श्रैणी कर्मचारी,न्याय सेवा | १८ | १८ | ० |

स्रोत : न्याय परिषद् बुलेटिन,बर्ष २, अंक २, पौष ३, २०५९

नेपालका मधेसी दलित समुदायको अवस्था झन् दयनीय रहेकोछ । दलितहरुको उथ्थानका नाममा विभिन्न आयोग तथा प्रतिष्ठानहरु बने । बिभिन्न राजनीतिक दलहरुले आफुहरुलाई दलित मुक्तिकालागि मात्र समर्पित रहेको घोषणा समेत गरेको पाईन्छ । प्रायः सबै राजनीतिक दलहरुले दलितहरुको हितकालागि भातृसंस्थाहरु नै बनाएका छन् । तर यस्ता निकायहरुमा पनि मधेसीहरुलाई छुट्याउने मानसिकता देखिन्छ । दलितको हितमा भनी खोलिएका यस्ता संघ संस्थाहरुमा मधेसी दलितहरुलाई नगण्य रुपमा मात्र समावेश गराइएको छ । तलको तालिकाबाट मधेसी दलितहरुको मुलुकको राजनीतिक दलहरुमा रहेको अबस्था स्पष्ट हुन्छ ।

**तालिका नं ३१ :** बिभिन्न दलित संघ संस्थामा मधेसी दलितहरुको प्रतिनिधित्वः

| दलित संस्थाको नाम | दलसंगको संलग्नता | केन्द्रय समितिको सदस्य संख्या | मधेसी दलितको संख्या |
|---|---|---|---|
| नेपाल दलित मुक्ति मोर्चा | नेकपा माओवादी | १७ | ० |
| नेपाल दलित संघ | नेपाली कांग्रेस | २७ | ४ |
| उत्पीडित जातीय चेतना संघ | नेकपा एमाले समर्थित | ७ | ० |
| नेपाल उत्पीडित दलित जातीय मुक्ति समाज | नेकपा,एमाले | २६ | ४ |
| नेपाल राष्ट्रिय दलित समाज कल्याण संघ | राजावादी | ३३ | २ |
| नेपाल दलित श्रमिक मोर्चा | सर्वहारा श्रमिक संगठन,वामपंथी | १७ | ० |
| राष्ट्रिय प्रजातान्त्रिक उत्पीडित जनउत्थान संगठन | रा.प्र.पार्टी | २१ | ३ |
| जातीय समता समाज | नेकपा, मसाल | १३ | ० |

स्रोत : नेपालमा दलित जातीय मुक्ति आन्दोलन, लेखक - याम बहादुर किसान,२०५८ ।

## सन्दर्भसूची

१. पपुलेशन सेन्सस २००१, नेशनल रिपोर्ट, श्री ५ को सरकार तथ्यांक विभाग,युनाइटेड नेशन्स पपुलेशन फण्ड, जुन २००३
२.पपुलेशन मोनोग्राफ अफ नेपाल, भोलुम १, श्री ५ को सरकार तथ्यांक विभाग,युनाइटेड नेशन्स पपुलेशन फण्ड, २००३
३.पपुलेशन अफ नेपाल, पपुलेशन सेन्सस २००१-सेलेक्टेड टेबुल अन काष्ट ईथिनिसिटी, मदरट्ड.एण्ड रिलिजीयन, अल फाइव डेभेलपमेण्ट रिजन, श्री ५ को सरकार तथ्यांक विभाग, युनाइटेड नेशन्स पपुलेशन फण्ड, जुन २००२
४.स्टाटिस्टिकल इयर बुक अफ नेपाल २००३, श्री ५ को सरकार तथ्यांक विभाग
५.नेपाली मधेसीका समस्या : चार विचार, सम्पादक जयप्रकाश गुप्ता, मधेसी मानव अधिकार संरक्षण केन्द्र CPMHR, २०६०
६.सोसियल डेमोग्राफी अफ नेपाल, हर्क गुरुंग, हिमाल बुक्स, सन् २००३
७.नेपाल मेन ईथिनिक, काष्ट ग्रुप्स वाई डिष्ट्रीक्ट बेस्ड अन पपुलेशन सेन्सस १९९१, हर्क गुरुंग, सेप्टेम्बर १९९४
८.राज्यको पुनर्संरचना : एक प्रस्ताव, कृष्ण खनाल, नेपाल समसामयिक अध्ययन केन्द्र, २०६१
९.नेपालका जनजातिहरु, श्री ५ को सरकार, राष्ट्रिय जनजाति विकास समिति, २०५७, बैशाख
१०.नेपालमा दलित समुदायको स्थिति २०६०, राष्ट्रिय दलित आयोग, २०६०
११.ह्युमन डेभेलपमेण्ट ईन्डेक्स, सन् २००४, युएनडिपी
१२.नेपालमा दलित जातीय मुक्ति आन्दोलन, याम बहादुर किसान, २०५८
१३.तराईका दलित एवं दलित महिला, डा. हरिवंश झा, सेन्टर फर इकोनोमिक एण्ड टेक्निकल स्टडिज एफईएस, सन् २००३
१४.नेपालमा दलित उत्थानका रणनीति, डा. हरिवंश झा, सेन्टर फर इकोनोमिक एण्ड टेक्निकल स्टडिज एफईएस, सन् २०००
१५.नेपाली जनआन्दोलन और मधेसी मुक्तिका सवाल, उपेन्द्र यादव, मधेसी जन अधिकार फोरम नेपाल, सन् २००३
१६.नेपालको मधेसी समुदाय : एक विवेचना, उपेन्द्र यादव, आदिवासी जनजाति विकाश तथा अनुसन्धान केन्द्र, २०५४
१७.म्यापिंग नेपाल सेन्सस इंडिकेटर २००१ एण्ड ट्रेण्ड, श्री ५ को सरकार, तथ्यांक विभाग, इसिमोड, एस.एन.भी., सन् २००३

**तालिका नं.२५ :** मंत्री परिषद, संबैधानिक निकायहरु तथा उच्च सरकारी पदाधिकारीमा मधेसीको स्थान

| पद तथा निकाय | पदाधिकारी संख्या | नियुक्त पदाधिकारी संख्या | मधेसीको संख्या |
|---|---|---|---|
| मंत्री परिषद 1 | सामान्यतः २४ मंत्रालय रहने गरेको | ३१ | ५ |
| राजपरिषद स्थायी समितिका सदस्यहरु (सभापति बाहेक) | ७ | ७ | ० |
| सर्वोच्च अदालतका न्यायाधिशहरु -प्रधान न्यायाधिश बाहेक | सामान्यतः २१ | १४ | २* |
| संबैधानिक अंगका प्रमुखहरु | ७ | ७ | ० |
| सबै संबैधानिक अंगका सम्पूर्ण सदस्यहरु | १३ | १३ | १ ? |
| संसदीय पदाधिकारीहरु : सभामुख,उपसभामुख र संसदीय समितिका सभापतिहरु | १५ | १५ | उपसभामुख १ (निर्वाचित) |
| रा.मानव अधिकार आयोग | ५ | ५ | सदस्य १ |
| राष्ट्रिय योजना आयोग | ६ | ६ | १ ? |
| राजदूत १७ **<br>सं.रा.सं.स्थायी नियोग २<br>महावाणिज्यदूत ४ | १७<br>२<br>४ | केहि रिक्त<br>२<br>४ | कर्मचारीबाट १<br>०<br>० |
| श्री ५ को सरकारका सबै सचिवहरु - पांच वटा क्षेत्रीय प्रशासक समेत)*** | सचिव ३३<br>क्षे.प्रशासक ५ | ३३<br>५ | १<br>० |
| सरकारी विभागीय प्रमुखहरु 0 | ४७ | ४७ | ३ |
| सरकारी संस्थान, सरकारी वित्तीय निकाय एवं समितिका प्रमुखहरु 00 | ६२ | ६२ | ३ |

**नोट :** उपरोक्त टेबुलमा 1 (चिन्ह) वि.सं. २०६१, जेठ २० गते राजाबाट गठन गरिएको र पछि पुर्नगठन गरिएको प्रधानमंत्री शेर बहादुर देउवाको मंत्री परिषदको तथ्यांक हो । * सर्वोच्च अदालतमा रहेका २ जना मधेसी मूलका न्यायाधिशहरुलाई केहि अघि मात्र विवादास्पद निर्णयको आरोपमा पद त्याग गर्न लगाईएको हो । **राजदूतहरु तथा *** सचिवहरुको तथ्यांक २०६१, कार्तिकका हुन् । अन्य सबै तथ्यांकहरु वि.सं. २०५९, असोज १८ गते लगत्तै पहिलेका हुन् ।

**तालिका नं.२६** : सुरक्षाका निकायहरुमा मधेसी समुदायको स्थान

| पद तथा निकाय | पदाधिकारी संख्या | नियुक्त पदाधिकारी संख्या | मधेसीको संख्या |
|---|---|---|---|
| शाही नेपाली सेनाका प्रधान सेनापति समेत बिशिष्ट श्रेणीका अधिकृत : | १८ | १८ | ० |
| जनपद प्रहरी तथा शसस्त्र प्रहरी र राष्ट्रिय अनुसंधान विभाग प्रमुखहरु : | ३ | ३ | ० |
| जनपद प्रहरी : AIGP | ४ | ४ | ० |
| जनपद प्रहरी : DIG | १६ | १६ | ० |
| जनपद प्रहरी : SSP | ४१ | ४१ | ० |
| शसस्त्र प्रहरी : AIGP | | | |
| शसस्त्र प्रहरी : DIG | | | |
| शसस्त्र प्रहरी : SSP | | | |

**<u>तालिका नं. </u>२७ :** श्री ५ को सरकार निजामति सेवा तथा दुई सर्वाधिक राजस्व दिने सरकारी संस्थान एवं सरकारको केन्द्रीय बैंकमा मधेसीहरुको स्थान

| कर्मचारीको तह | दरबन्दीको संख्या | पदस्थापितहरुको संख्या | मधेसीको संख्या |
|---|---|---|---|
| **निजामति सेवा** | | | |
| प्रथम श्रेणी प्रशासन | १९७ | १७८ | २ |
| प्रथम श्रेणी प्राविधिक | ३७९ | १५८* | २३ |
| व्दितीय श्रेणी प्रशासन | ९५७ | ४५० | १२ |
| व्दितीय श्रेणी लेखा समुह | उपलब्ध भएन | ८२ | १ |
| व्दितीय श्रेणी राजस्व समुह | उपलब्ध भएन | ७१ | ३ |
| व्दितीय श्रेणी, प्रशासन, हुलाक समुह | उपलब्ध भएन | २५ | १ |
| **प्रमुख संस्थान/राष्ट्र बैंक** | # | | |
| नेपाल बिद्युत प्राधिकरण<br>महामनिर्देशक<br>१२ तह<br>११ तह<br>१० तह | <br>१<br>७<br>२२<br>५५ | <br>१<br>७<br>२२<br>५५ | <br>०<br>१<br>४<br>४ |
| नेपाल टेलिकम<br>महानिर्देशक<br>उप महानिर्देशक<br>प्रबन्धक/निर्देशक | <br>१<br>७<br>३६ | <br>१<br>६<br>३६ | <br>०<br>१<br>५ |
| नेपाल राष्ट्र् बैंक<br>गभर्नर<br>डेपुटी गभर्नर<br>कार्यकारी निर्देशक, बिशिष्ठ<br>निर्देशक, प्रथम श्रेणी | <br>१<br>२<br>१५<br>४५ | <br>१<br>२<br>१५<br>४५ | <br>०<br>०<br>०<br>१ |

स्रोत : श्री ५ को सरकार ,सामान्य प्रशासन मंत्रालय, निजामति किताबखाना । **नोट :** उपरोक्त तालिकामा उल्लेखित तथ्यांक बि.सं.२०६०, चैत्रका हुन् । * प्रथम श्रेणी प्रविधिकको कूल दरबन्दीमा स्वास्थ्य मंत्रालयमा कार्यरत मेडिकल डाक्टरहरुको संख्या समेत संलग्न भएको तर पदस्थापितमा मेडिकल डाक्टरको संख्या समावेश गरिएको छैन । # प्रमुख संस्थानहरु तथा राष्ट्र् बैंकका तथ्यांहरु २०६१, अषाढ का हुन् ।)

**तालिका - २८ :** न्यायपालिकामा मधेसीहरुको स्थान

| न्यायाधिशको तह | न्यायाधिशको संख्या | नियुक्त न्यायाधिशहरुको संख्या | मधेसीको न्यायाधिशको संख्या |
|---|---|---|---|
| सर्वोच्च अदालत | सामान्यतः २१ | २० | २ |
| पुनरावेदन अदालतहरुको मुख्य न्यायाधिशहरु | १२ | १२ | २ |
| पुनरावेदन अदालतहरुका न्यायाधिशह | ७३ | ७३ | ९ |
| पुनरावेदन अदालतहरुका अतिरिक्त न्यायाधिशहरु | | ३ | २ |
| जिल्ला न्यायाधिशहरु | १३१ | १३१ | ८ |
| राजपत्राकिंत प्रथम श्रैणी कर्मचारी,न्याय सेवा | १८ | १८ | ० |

स्रोत : न्याय परिषद् बुलेटिन,बर्ष २, अंक २, पौष ३, २०५९

**तालिका नं २९ :** राष्ट्रिय राजनीतिक दलहरुमा मधेसीहरुको स्थान

| दलको नाम | २०५६ मा प्रतिनिधिसभामा मधेसी सांसद | कूल केन्द्रीय समिति सदस्य संख्या | केन्द्रीय समितिमा मधेसी सदस्यको संख्या |
|---|---|---|---|
| नेपाली कांग्रेस | जम्मा : ११३<br>मधेसी : २३ | ३५ | ३ |
| नेकपा एमाले | जम्मा : ६८<br>मधेसी : १० | ६५ | बैकल्पिक १ जना |
| नेपाली कांग्रेस (प्र.) | संसदीय दल अविभाजित रहेको | ३५ | ३ |
| रा. प्र. पार्टी | जम्मा : १२<br>मधेसी : ४ | ४५ | ७ |
| जनमोर्चा नेपाल | जम्मा : ६<br>मधेसी : ० | ५१ | १ |

**नोट :** नेपाली कांग्रेसबाट विभाजित भै नेपाली कांग्रेस प्रजातान्त्रिक गठन भएपनि प्रतिनिधिसभा बिगठन पूर्व संसदी दल अविभाजित नै रहेको थियो । आम निर्वाचन ०५६ मा राजमो नेपाल र संजमो नेपाल भिन्ना भिन्नै चुनावमा भाग लिएको, राजमोका ५ सांसद र संजमोका १ सांसद विजयी भएको थियो । हाल दुबै मोर्चा संयुक्त रहेको । यहां जनमोर्चा नेपालको केन्द्रीय समितिको सदस्य संख्या उल्लेख गरिएको हो ।

**तालिका नं. ३० :** विश्वविद्यालय, प्राज्ञिक निकाय, सरकारी संचार र सरकारी संरक्षकत्वको खेलकूद निकायमा मधेसीको स्थान

| पद तथा निकाय | पदाधिकारी संख्या | नियुक्त पदाधिकारी संख्या | मधेसीको संख्या |
|---|---|---|---|
| विश्वविद्यालयका उपकूलपतिहरु : | ५ | ५ | ० |
| रोनाष्ट तथा प्रज्ञा प्रतिष्ठनका उपकूलपतिहरुः | २ | २ | ० |
| ने.रा.प्र.प्रतिष्ठानका प्रज्ञा सभा सदस्यहरु : | ३० | ३० | १ |
| ने.रा.प्र.प्रष्ठिानका प्रज्ञा परिषदका सदस्यहरु : | ९ | ९ | ० |
| सरकारी संचार संस्थान प्रमुख : | ४ | ४ | ० |
| राष्ट्रिय खेलकूद परिषद तथा नेपाल ओलम्पिक समिति प्रमुख : | २ | २ | ० |

## अनुसूचि : एक

मधेसका जिल्लाहरुमा अन्य जिल्लाहरुबाट भैरहेको आन्तरिक बसाई सराई

| क.सं. | जिल्लाहरु | जिल्लाको कूल जनसंख्या | जिल्लामा आएको संख्या | जिल्लाको जनसंख्याको % |
|---|---|---|---|---|
| १. | झापा | ६३३०४२ | १६२२९३ | २५.६४ |
| २. | मोरंग | ८४३२२० | १८१९८१ | २१.५८ |
| ३. | सुनसरी | ६२५६३३ | १५९७८५ | २५.५४ |
| ४. | सप्तरी | ५७०२८२ | १८६७९ | ३.२८ |
| ५. | सिरहा | ५६९८८० | ३४७९६ | ६.११ |
| ६. | धनुषा | ६७१३६४ | ७१०१४ | १०.५८ |
| ७. | महोत्तरी | ५५३४८१ | ३०२४१ | ५.४६ |
| ८. | सर्लाही | ६३५७०१ | ५१८७४ | ८.१६ |
| ९. | रौतहट | ५४५१३२ | २६२२९ | ४.८१ |
| १०. | बारा | ५५९१३५ | ४९६२४ | ८.८८ |
| ११. | पर्सा | ४९७२१९ | ३२०४४ | ६.४४ |
| १२. | चितवन | ४७२०४८ | १६२५२८ | ३४.४३ |
| १३. | नवलपरासी | ५६२८७० | ९७५३९ | १७.३३ |
| १४. | रुपन्देही | ७०८४१९ | १८९३२७ | २६.७३ |
| १५. | कपिलबस्तु | ४८१९७६ | ३६५३२ | ७.५८ |
| १६. | दांग | ४६२३८० | ६०५९२ | १३.१० |
| १७. | बांके | ३८५८४० | ६९१४६ | १७.९२ |
| १८. | बर्दीया | ३८२६४९ | ६४०३२ | १६.७३ |
| १९. | कैलाली | ६१६६९७ | १६४२४२ | २६.६३ |
| २०. | कंचनपुर | ३७७८९९ | १२३७६७ | ३२.७५ |

नोट : उपरोक्त जनगणना २००१ मा आधारित छन् । जिल्लामा आएका वा थपिएका जनसंख्या एक जनगणना अवधिका मात्र हुन् ।

# अनुसूचि : दुई

नेपालका मधेस क्षेत्रमा परम्परागत रुपमा बसोबास गरि आएका सामाजिक र आर्थिक रुपमा पछाडि परेका अन्य जात जातिहरु

| | | |
|---|---|---|
| १. अघोरी | २. अमात | ३. केवट (कउट) |
| ४. कलन्दर | ५. कुर्मी | ६. कानू |
| ७. कमार(लोहार कर्मकार) | ८. कोईरी(कुशवाहा) | ९. कपडिया |
| १०.खटिक | ११.खतवे | १२.गोढी |
| १३.गनगाई(गणेश) | १४.गोप | १५.गौड |
| १६.चन्द्रवंशी(कहार) | १७.जोगी(जुगी) | १८.तांती |
| १९.तेली | २०.थारु | २१.धानुक |
| २२.नाई,नापित | २३.नुनियां | २४.प्रजापति(कुम्हार) |
| २५.पाल(भेडिहार गडेरी) | २६.बंजारा | २७.बेलदार |
| २८.विन्द | २९.बड्ही | ३०.बरई |
| ३१.बनिया (सुडी,हलवाई | ३२.भार | ३३.भाट |
| रौनियार,पनसारी,मोदी, | ३४.माली(मालाकार) | ३५.मल्लाह(सुरहिया) |
| कसेरा,केसरवानी,ठठेरा, | ३६.मेहतर,लालमेगी | ३७.यादव,अहिर |
| कलवार,पटवा,कमलापुरी, | | ३८.राजभर |
| वैश्य,सिन्दुरिया,माहुरी, | | ३९.राजधोबी |
| अवध,बर्णवाल,अग्रहरि, | ४०.राजबंशी | ४१.लहेरी |
| पोद्दार आदि) | ४२.सोनार | ४३.चुरिहारा,मनिहार |
| ४४.दनुवार | ४५.जुलाहा | ४६.कहार |
| ४७.कोच | ४८.पथ्थरकट्टा | ४९.पटनायक |
| ५०.डोम | ५१.दुसाध | ५२.पासी |
| ५३.किसान | ५४.मुण्डा | ५५.भुईयार |

# अनुसूचि : तीन

मुसलमानमा पिछडिएको जात

| | | |
|---|---|---|
| १.बागदी,भंगी | २.कसाई,कसाव | ३.चोक |
| ४.डफाली | ५.धुनिया | ६.धोबी |
| ७.नट | ८.पमरिया | ९.भठियारा |
| १०.भाट | ११.मिरियासीन | १२.मदारी |
| १३.मोरशिकार | १४.साई | १५.मोमिन |
| १६.राईन | १७.कुजरा | १८.ठकुराई |
| १९.बलखो | २०.इदरिसी | २१.सेकलगर |
| २२.फकिर | २३.मुकरो | २४.रंगरेज |
| २५.चुडिहार | | |

## अनुसूचि : चार

नेपालमा मधेसी जातजातिका महिलाहरुको साक्षरताको दर
(१५ बर्ष र सो भन्दा बढी उमेर समुहका मधेसी महिलाहरु )

| क.सं. | जातजाति | महिला जनसंख्या १५ बर्ष र बढी | |
|---|---|---|---|
| | | जनसंख्या | साक्षरता % |
| १. | थारु | ४५०२९० | २१.८ |
| २. | मुसलमान | २५८८१० | १४.५ |
| ३. | यादव | २५१८७६ | १३.३ |
| ४. | तेली | ८८४०५ | २३.८ |
| ५. | चमार, हरिजन | ७६७७७ | ३.५ |
| ६. | कोईरी | ७११०४ | १६.० |
| ७. | कुर्मी | ५९५२५ | १२.४ |
| ८. | धानुक | ५३२०८ | ९.७ |
| ९. | मुसहर | ४८७३६ | १.३ |
| १०. | दुसाध, पासवान, पासी | ४४५०९ | ३.४ |
| ११. | सोनार | ४२८९६ | ३२.४ |
| १२. | केवट | ३८७६४ | ११.१ |
| १३. | ब्रम्हण | ४११३७ | ५२.३ |
| १४. | बनिया | ३५५५२ | ४६.५ |
| १५. | मल्लाह | ३२८५७ | ८.१ |
| १६. | कलवार | ३२६८२ | ३५.९ |
| १७. | हजाम, ठाकुर | २७१४९ | १४.१ |
| १८. | कानु | २६१६१ | २०.४ |
| १९. | राजवंशी | २९९५६ | २३.७ |
| २०. | सुडी | २५९१३ | ३२.० |
| २१. | लोहार | २३२४० | १२.१ |
| २२. | तत्मा | २१५०० | ४.९ |

| क.सं. | जातजाति | महिला जनसंख्या १५ बर्ष र बढी | |
|---|---|---|---|
| | | जनसंख्या | साक्षरता % |
| २३. | खत्वे | २१४८० | २.३ |
| २४. | धोबी | २०५११ | १०.१ |
| २५. | नुनिया | १८५०२ | ४.६ |
| २६. | कुम्हार | १५२६४ | १०.१ |
| २७. | दनुवार | १५८०८ | १६.४ |
| २८. | हलुवाई | १४३८६ | ३०.८ |
| २९. | राजपुत | १४२७६ | ५६.४ |
| ३०. | कायस्थ | १५३३३ | ७२.० |
| ३१. | बढई | १२६७९ | १३.० |
| ३२. | मारवाडी | १४४६९ | ८२.४ |
| ३३. | सन्थाल, सतार | १२९५६ | १२.१ |
| ३४. | झांगर | १२१३७ | ६.४ |
| ३५. | बातर | १०५५४ | ५.० |
| ३६. | बरई | ९७९६ | १३.७ |
| ३७. | कहार | ९६१२ | ८.१ |
| ३८. | गनगाई | ९५३१ | २०.५ |
| ३९. | राजभार | ६७४३ | १५.९ |
| ४०. | धिमाल | ६५४२ | ३२.२ |
| ४१. | बिंग, बिंडा | ५१३४ | २.७ |
| ४२. | भेडियार, गडेरी | ४९५८ | ६.९ |
| ४३. | ताजपुरीया | ४१३७ | १७.६ |
| ४४. | चिडिमार | ३३२७ | ६.१ |
| ४५. | माली | ३१९५ | ९.३ |

| क.सं. | जातजाति | महिला जनसंख्या १५ बर्ष र बढी | |
|---|---|---|---|
| | | जनसंख्या | साक्षरता % |
| ४६. | बंगाली | २७८८ | ५९.६ |
| ४७. | डोम | २४५४ | १.५ |
| ४८. | कमार | २४९० | १.७ |
| ४९. | मेचे | १२०६ | ३५.१ |
| ५०. | हलखोर | ९९६ | ९.९ |
| ५१. | पंजाबी, सिख | ८८७ | ४१.५ |
| ५२. | किसान | ९१९ | १५.० |
| ५३. | जैन | ३३९ | ९२.० |

**श्रोत : पपुलेशन सेन्सश २००१, वोमेन इन नेपाल, सि.बि.एस.२००४**